# थाहा नगरपालिका

इन्द्रायणी चौर, मकवानपुर

## १६ औं नगरसभा समक्ष प्रस्तुत
## आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम

**गरिमामय यस १६ औं नगरसभाका सदस्यज्यूहरू,**

उपस्थित नगरसभा सदस्यहरु एवम् अतिथि महानुभावहरुमा हार्दिक अभिवादन । थाहा नगरपालिकाको १६ औं नगरसभासमक्ष आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मलाई निकै गौरवको अनुभूति भइरहेको छ । नेपाली जनताको पटक-पटकको बलिदानीपूर्ण संघर्ष र विभिन्न आन्दोलनबाट मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको हो । संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिको आन्दोलनका क्रममा विभिन्न कालखण्डमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात शहीदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । गणतन्त्र, जनजीविका र न्यायपूर्ण संघर्षको नेतृत्व गर्नुहुने अग्रजहरुमा उच्च सम्मान प्रकट गर्दै नेपाली समाजको आर्थिक, सामाजिक, राजनीतिक रुपान्तरणमा सहयोग पुऱ्याउनु हुने सबैको योगदानको उच्च मूल्याङ्कन गर्दै म हार्दिक सम्मान प्रकट गर्दछु । साथै, स्थानीय स्रोत, श्रम र शक्तिबाट विकासको अवधारणा राख्ने, सुशासन र पारदर्शिताका अभियन्ता थाहा आन्दोलनका प्रणेता रुपचन्द्र विष्ट 'रुदाने' लाई यस गरिमामय सभामा स्मरण गर्न चाहन्छु ।

थाहा नगरपालिकाको विकास र समृद्धिको लागि हामीले नगरबासीसामु गरेको प्रतिवद्धताप्रति विश्वास गरी नगरको नेतृत्वदायी जिम्मेवारी प्रदान गरेकोमा म सम्पूर्ण नगरबासीप्रति हार्दिक आभार व्यक्त गर्दछु । नगरबासीका असीमित अपेक्षा, सीमित स्रोत साधन एवम् शासनको अनुभवको कमीका बाबजुद हामीले नगरबासीको निम्ति अहोरात्र खटी अधिकतम प्रयास गरेका छौं । हाम्रो नीति तथा नेतृत्वलाई प्रत्यक्ष एवम् अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याउनुहुने सम्पूर्ण कर्मचारीहरु, रराजनीतिक दलहरु, नीजि क्षेत्र, सहकारी, गैरसरकारी संघ संस्थाहरु, सञ्चारकर्मी एवम् नागरिक समाज लगायतका सबैमा हार्दिक आभारसहित सम्मान व्यक्त गर्दछु । आगामी दिनहरुमा पनि यसैगरी सबै पक्षबाट उत्साहपूर्ण सहकार्य र सहयोगको अपेक्षा गर्दै हामी नगरबासीको हितमा अहोरात्र खट्ने प्रतिवद्धता व्यक्त गर्दछु ।

नेपालको संविधानको धारा २१४ मा रहेको स्थानीय तहको कार्यकारिणी अधिकार तथा धारा २३० मा रहेको नगरपालिकाको राजश्व र व्ययको अनुमान सम्बन्धी व्यवस्था र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम आर्थिक वर्ष २०८१/०८२ को थाहा नगरपालिकाको नीति तथा कार्यक्रम आज यस गरिमामय १६ औं नगरसभा समक्ष पेश गरेको छु ।

**विष्णु बहादुर विष्ट**
**नगर प्रमुख**

**नगरसभा सदस्यज्यू,**

अब म आर्थिक वर्ष २०८१।२०८२ को नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु।

**आधारभूत नीति**

१. नगरपालिकाको नीति, कार्यक्रम र बजेट एक अर्काको परिपुरक हुनेछन्।

२. सम्पन्न भएका तर भुक्तानी हुन नसकेका योजना/आयोजनाहरुको आगामी आर्थिक वर्ष भुक्तानी गरिनेछ।

३. अधुरा आयोजनाहरु सम्पन्न गर्न प्राथमिकता दिइनेछ।

४. दीगो र वातावरणमैत्री विकास नीति अवलम्बन गरिनेछ।

५. सम्भावना भएको कृषि क्षेत्रलाई आयआर्जनसँग जोडिनेछ।

६. सेवा प्रवाहलाई पारदर्शी, जनमुखी र डिजिटिजेसन **(Digitization)** गराइनेछ।

७. नीति निर्माण, विकास तथा सेवा प्रवाह गर्दा सरोकारवालाहरुसँग सहकार्य, समन्वय र साझेदारी गरिनेछ।

**आर्थिक विकासः**

**कृषितर्फः**

१. मल्चिङ्ग प्लाष्टिकको प्रयोग गराई कृषकहरुको लागत घटाई उत्पादन तथा उत्पादकत्व बढाइनेछ।

२. नमुना टनेलमा कृषकहरुलाई ५०% अनुदान दिई प्लाष्टिक टनेलको क्षेत्रफल बढाई तरकारीको उत्पादन गुणस्तरीय बनाई तरकारीको उत्पादन तथा उत्पादकत्व बढाइनेछ।

३. माटोको अम्लियपना घटाउनका लागि कृषि चुनको प्रयोगमा कृषकहरुलाई आकर्षित गराई माटो सुधारका कार्यक्रम संचालन गरी माटो सुधार गरिनेछ।

४. खाद्यान्नमा आत्मनिर्भर बनाउनका लागि मकै र धानको हाइब्रिड बीउमा अनुदानको व्यवस्था गरिनेछ।

५. फर्टिगेशन तथा आधुनिक तरकारी खेती सम्बन्धी तालिम संचालन गरी आधुनिक तरकारी खेतीतर्फ कृषकलाई आकर्षित गरिनेछ।

६. तालिमको माध्यमबाट एग्रोभेट संचालकको क्षमता अभिवृद्धि गराइनेछ।

७. राष्ट्रिय नीतिअनुसार कृषकहरुलाई किसान सूचीकरण कार्यक्रममा सहभागी गराई २ वर्षभित्रमा प्रत्येक कृषकहरुलाई परिचयपत्रको व्यवस्था गरिनेछ।

८. आलुको घट्दो उत्पादनलाई मध्यनजर गरी तालिमको माध्यमबाट कृषकहरुलाई दक्ष बनाई उन्नत जातको बीज वृद्धि गराई उत्पादन वृद्धि गरिनेछ।

९. जैविक विषादीलाई बढवा दिई माटो परीक्षण गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

१०. विषादीको प्रयोग र त्यसबाट असर न्यूनीकरण सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

**पशु विकासतर्फः**

११. दुहुना गाई-भैसी पालनमा अनुदानको कार्यक्रमलाई निरन्तरता दिई आगामी ३ वर्षभित्र दुध र मासुमा थाहा नगरपालिकालाई आत्मानिर्भर बनाइनेछ।

विष्णु बहादुर बिष्ट
नगर प्रमुख

१२. पशु आहार प्रवर्द्धन कार्यक्रम अन्तर्गत उत्पादन लागत घटाउन जै घाँसलगायत अन्य पोषिलो घाँसको खेतीको लागि पशु पालक किसानहरुलाई बिउ खरिदमा अनुदान दिइनेछ।

१३. दुहुना गाईरभैंसीको पकेट क्षेत्रको सम्भाव्यता अध्यन गरिने छ, साथै मकवानपुर जिल्लाकै सबैभन्दा अग्लो ठाउँ सिमभन्ज्याङ स्थित, च्याङ्ग्रा र चौरी गाईको पालनबारे सम्भाव्यता अध्यन गरिनेछ।

१४. सरकारी तथा निजि पशु विकास प्राविधिकलाई समेत दक्ष बनाई आवश्यक सामाग्रीहरु खरिद गरिनेछ।

१५. सबै वडामा कृतिम गर्भाधान सेवा संचालन गरी गाई/भैसीमा नश्ल सुधारको कार्यक्रमहरु सञ्चालन गरी पशुको उत्पादन तथा उत्पादकत्व वृद्धि गरिनेछ।

१६. वडा कार्यालयमा माईक्रोस्कोप र औषधिको व्यवस्थापन गरी कृषकलाई वडावडाबाटै आवश्यक सेवा प्रदान गरिने छ।

१७. मत्स्य पालन प्रवर्द्धनको लागि सार्वजनिक खोला तथा निजि जग्गामा मत्स्यपालन गर्ने कृषकलाई भुरा खरिदमा अनुदानको ब्यबस्था गरिनेछ। विशेष गरी असला तथा रेन्बो ट्राउट माछा पालन किसानलाई विशेष जोड दिइने छ।

१८. आकस्मिक रोग तथा खोपको लागि आवश्यक बजेटको व्यवस्थापन गरिनेछ।

१९. विकट बस्तिहरुमा निःशुल्क पशु स्वास्थ्य शिविर सञ्चालन गरी पशुहरुलाई उपाचार सेवा प्रदान गरिनेछ।

२०. रेबिज रोग नियन्त्रणको लागि वडा तथा कृषकसँग साझेदारी गरी विद्यालयहरुमा, टोलटोलमा रेबिज रोगबारे जनचेतना कार्यक्रम संचालन गरी, सामुदायिक(छाडा) तथा घरपालुवा कुकुर तथा बिरालोहरुलाई निःशुल्क रेबिजविरुद्धको खोप तथा बन्ध्याकरण कार्यक्रमलाई निरन्तरता दिइनेछ।

२१. बीमा कम्पनीसंग सम्झौता गरी पशुहरुको बीमाको लागि बीमाको प्रिमियममा अनुदानको व्यवस्था गरिने छ।

२२. आधुनिक तथा व्यवसायिक ढंगले पशुपालन गर्नको लागि किसानहरुलाई आवश्यक तालिम संचालन गरिने छ।

**पर्यटन विकासः**

२३. पर्यटन प्रवर्द्धनका लागि अन्तरपालिका परियोजनाहरु संचालनका लागि सहकार्य गरिनेछ।

२४. नगर क्षेत्रका पैदलमार्ग प्रवर्द्धनका कार्यक्रमहरु सञ्चालन गरी पर्यटकहरुलाई आकर्षित गरिनेछ।

२५. थाहा नगरपालिकाको पर्यटकीय क्षेत्रको प्रचारका लागि **'जाऔं है थाहा'** क्याम्पियन सञ्चालन गरिनेछ।

२६. नगरपालिकाको ऐतिहासिकता, मौलिक भाषा तथा साँस्कृतिक विविधतालाई संरक्षण एवम् विकास गरिने छ। पर्यटकीय क्षेत्रका अधुरा संरचनाहरुको निर्माण सम्पन्न गरिनेछ।

२७. थाहा नगरपालिका क्षेत्रमा रहेका होटल तथा रिसोर्टको अभिलेख अनलाइन प्रणालीमा राखिने व्यवस्था मिलाइनेछ। पालिका क्षेत्रमा घुमफिरका लागि आएका पर्यटकहरुको तथ्याङ्क व्यवस्थापन गर्ने कार्यलाई अघि बढाइनेछ।



विष्णु बहादुर बिष्ट
नगर प्रमुख

२८. थाहा नगरपालिकाको सिमभन्ज्याङ र चित्लाङमा पर्यटन सूचना केन्द्र स्थापनाको शुभारम्भ गरिनेछ ।

२९. थाहा नगरपालिकाको पर्यटन रणनीति गुरुयोजनाको समीक्षा गरी नयाँ रणनीतिहरु निर्माण गरी कार्यान्वयन गरिनेछ ।

३०. **'थाहानगरको पर्यटकीय क्षेत्रको चिनारी, पर्यटकहरुलाई जानकारी'** नामक बोर्ड स्थापना गरिनेछ । सूचना प्रविधिमा आधारित डकुमेन्ट्री, अडियो, भिडियो, अनलाइन तथा छापा माध्यमबाट पर्यटकीय क्षेत्रको प्रचार-प्रसार गरिनेछ ।

३१. होटल, रिसोर्ट तथा होमस्टे व्यवसायलाई प्रवर्द्धन तथा नियमन गरिनेछ । होमस्टे व्यवस्थापन सम्बन्धि कार्यविधि निर्माण गरी नियमन गरिनेछ ।

३२. मौलिक शैलीमा नक्सा पास गरी घर बनाउने घरधनीलाई प्रोत्साहन स्वरुप नक्शा पासमा लाग्ने शुल्कमा सहुलियत दिइनेछ ।

३३. पर्यटकीय क्षेत्र तथा पार्कहरुको पर्यटन प्रवर्द्धनका लागि निजी क्षेत्रसंग सहकार्य गरिनेछ । थाहानगर क्षेत्रलाई पारिवारिक भ्रमण स्थलको रुपमा विकास गर्न पिकनिक स्पट तथा पार्क निर्माण सम्पन्न गरिनेछ ।

३४. थाहानगरको पर्यटन विकासमा नगरपालिकाको तर्फबाट कार्य गर्न नगरस्तरीय पर्यटन विकास समिति गठन गरी क्रियाशील बनाइनेछ ।

३५. हिन्दु र बौद्ध धर्मावलम्बीहरुको साझा आस्थाको रुपमा रहेको थाहा-४ स्थित ऋषेश्वर र सो क्षेत्रको संरक्षण, प्रवर्धन र विकासका लागि ऋषेश्वर क्षेत्र विकास समिति गठन गरी क्रियाशील बनाइनेछ ।

<u>उद्योग तथा वाणिज्यतर्फः</u>

३६. थाहा नगरपालिकामा सबै खालको व्यवसाय नगरपालिका वा वडा कार्यालयमा अनिवार्य रुपमा व्यवसाय दर्ता गर्न आवश्यक व्यवस्था गरिनेछ ।

३७. एकल महिला, अपाङ्गता भएका व्यक्तिले सञ्चालन गरेको व्यवसाय दर्तामा २० प्रतिशतले छुट प्रदान गरिनेछ ।

३८. महिला, दलित, सीमान्तकृत समुदायबाट सञ्चालित व्यवसाय दर्तामा १० प्रतिशतले छुट प्रदान गरिनेछ ।

३९. मौजुदा चालु कोषमा रहेको रकम मध्येबाट महिला सहकारीका सदस्य वा महिला, अपाङ्ग, एकल महिलाको नाममा दर्तावाला फर्म वा व्यवसायलाई चालु कोष सञ्चालन कार्यविधि बमोजिम निश्चित अवधिका लागि सहुलियतपूर्ण कर्जा उपलब्ध गराई जिविकोपार्जन तथा व्यवसाय प्रवर्दन सहायता प्रदान गरिनेछ ।

४०. नगरपालिकामार्फत् सिप र प्रविधि हस्तान्तरण गरी सुरुवात गरिएका लघु उद्यमलाई व्यवसाय दर्तामा सहुलियत प्रदान गरिनेछ ।

४१. १२ वटै वडामा व्यवसाय दर्ता र नवीकरणका लागि सम्बन्धित वडा, उद्योग वाणिज्य संघ लगायतका निजि क्षेत्रसँगको समन्वय र साझेदारीमा संयुक्त घम्ती शिविरहरु सञ्चालन गरिनेछ ।



विष्णु बहादुर विष्ट
नगर प्रमुख

४२. व्यवसाय दर्ता र नवीकरणलाई कडाईका साथ लागु गर्न अनुगमनलाई थप प्रभावकारी बनाइनेछ।

४३. प्रादेशिक व्यापार तथा व्यवसाय सम्बन्धी ऐन, २०७६ अनुसार रु. ५ लाख सम्मको उद्योग दर्ता यसै कार्यालयबाट गरिनेछ।

४४. नगरपालिकाले तोकेको समयमा व्यवसाय दर्ता वा नवीकरण नगर्ने व्यवसायीलाई आर्थिक ऐनमा तोकिए बमोजिमको जरिवाना लगाइनेछ।

४५. थाहा नगरपालिका भित्र सञ्चालनमा रहेका तीन पाङ्ग्रे सवारी साधनलाई तीन पाङ्ग्रे सवारी साधन सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८० तथा आर्थिक ऐनमा तोकिए बमोजिमको शुल्क लिई थाहा नगरपालिकाबाटै मार्ग इजाजत (रुट परमिट) प्रमाणपत्र प्रदान गरिनेछ।

**सहकारीतर्फः**

४६. सहकारी संस्थाहरु र सरोकारवालाहरुसँग लागत साझेदारीमा सहकारी संस्थाका सञ्चालक समिति, लेखा समितिका पदाधिकारी, कर्मचारी र व्यवस्थापकलाई समयानुकुल क्षमता अभिवृद्धि तालिम प्रदान गरिनेछ।

४७. थाहा नगरस्तरीय सहकारी व्यवस्थापक समन्वय समिति र सहकारी सञ्चालन समन्वय समिति सँग नियमित बैठक बसी सक्रिय रुपमा सहकारी प्रवर्द्धनका कार्यहरु गरिनेछ।

४८. आगामी आर्थिक वर्षमा सम्पूर्ण सहकारी संस्थाहरुमा कोपोमिस प्रणालीको प्रयोगलाई अनिवार्य गराई प्रणाली मार्फत सुचना आदानप्रदान गरिनेछ।

४९. समय सापेक्ष ऐन, नियम र कार्यविधिहरु तर्जुमा एवम् परिमार्जन गरिनेछ।

५०. नगरपालिकाका निष्कृय रुपमा रहेका सहकारी संस्थाहरुलाई खारेजी र एकै प्रकृतिका सहकारी विच एकीकरण गर्ने कार्यलाई प्राथमिकता दिईनेछ।

५१. सहकारीलाई उत्पादनशिल क्षेत्रमा लगानी गर्न प्रेरित गर्दै रोजगारीको अवसर सृजना गर्न जोड दिईनेछ।

५२. प्रचलित सहकारी सम्वन्धी कानुनहरुको पालना नगर्ने तथा नियमानुसारको प्रगति प्रतिवेदनहरु नियामक निकायमा पेश नगर्ने सहकारीहरुलाई कानुन अनुसार कार्वाही गरिनेछ।

५३. नियमित रुपमा सहकारी संस्थाहरुमा अनुगमन, मूल्याङ्कन, निरीक्षण, नियमन र पृष्ठपोषण गरिनेछ।

**श्रम तथा रोजगारः**

५४. प्रधानमन्त्री रोजगार कार्यक्रममा सूचीकृत भएका श्रमिकहरुलाई आयोजना सञ्चालन गर्दा प्राथमिकता दिइनेछ।

५५. वैदेशिक रोजगारमा जाँदा श्रम स्वीकृति तथा पुनः श्रम स्वीकृति नगरपालिकाको रोजगार सेवा केन्द्रबाट उपलब्ध गराइने कार्यलाई निरन्तरता दिइनेछ।

५६. वैदेशिक रोजगारीमा गएका कामदार तथा तिनका परिवारलाई वैदेशिक राजेगार बोर्डबाट उपलब्ध गराइने सेवा/सुविधाहरुका लागि नगरको रोजगार सेवा केन्द्रबाटै सहजीकरण गरिनेछ।



विष्णु बहादुर बिष्ट
नगर प्रमुख

५७. सुरक्षित आप्रवासन (**SaMi**) कार्यक्रमलाई निरन्तरता दिइनेछ । यसको लागि संघ र प्रदेश सरकारसँग साझेदारी गरिनेछ ।

५८. आगामी आर्थिक वर्षभित्र रोजगारदाता र अन्य साझेदारहरुको नक्शाङ्कन गरी रोजगार सेवा केन्द्रबाट रोजगार विनिमय कार्यलाई प्रभावकारी बनाइनेछ ।

५९. बेरोजगार दर्ता, रोजगार परामर्श, रोजगारी/स्वरोजगारीको जानकारी, रोजगार विनिमय, सीप तथा क्षमता विकास, श्रम बजारको माग र आपूर्ति, उद्यमशीलता, व्यापारिक योजना निर्माणमा सहजीकरणजस्ता सेवाहरुलाई एकीकृत रुपमा सञ्चालन गरिनेछ ।

६०. नगरपालिकाको विभिन्न शाखाहरुबाट सञ्चालन हुने उद्यमशीलता विकास तालिम, सीप तथा क्षमता विकास तालिम, प्रविधि हस्तान्तरण, स्तरोन्नति कार्यक्रम लगायत रोजगारमूलक कार्यक्रमहरुको उपलब्धीलाई रोजगार सेवा केन्द्रबाट एकीकृत गरी अभिलेख व्यवस्थापन गरिनेछ ।

६१. आर्थिक वर्ष २०८१।८२ मा नगरपालिकाको रोजगार रणनीति पारित गरी कार्यान्वयनमा ल्याइनेछ ।

६२. सुरक्षित वैदेशिक रोजगारीका लागि समुदाय स्तरमा अभिमुखीकरण कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

६३. थाहानगरमा वित्तीय साक्षरता कार्यक्रम तथा मनोसामाजिक परामर्शको कार्यक्रम सञ्चालन गरिनेछ ।

६४. वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुका लागि लागत साझेदारीमा पुनः एकीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

६५. लघुउद्यम विकास विकास कार्यक्रम(मेड्पा)लाई निरन्तरता दिइनेछ ।

६६. बेरोजगार युवाहरुका लागि कार्यस्थलमा आधारित सीप/क्षमता विकास तालिम तथा जीवन उपयोगी सीप विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

**पूर्वाधार सम्बन्धी नीति तथा कार्यक्रमः**

६७. आवश्यकतामा आधारित छोटो अवधिमा सम्पन्न गर्न सक्ने बढी प्रतिफल दिने खालका योजना छनौट गर्ने नीति लिइनेछ ।

६८. सडकमा नगरस्तरीय बजेट विनियोजन गर्दा अन्तर वडा जोड्ने सडकहरूलाई विशेष ध्यान दिइनेछ ।

६९. मुख्य सडकबाट सबै वडा कार्यालयहरूमा पुग्ने सहायक सडकहरूमा पक्की सडकमा क्रमशः विस्तार गरी जनता र स्थानीय सरकारबीचको दूरी घटाइनेछ । साथै वडा कार्यालयहरूको संरचनाको स्तरोन्नति गरी जनतालाई सहज ढङ्गबाट सेवा सुविधा दिने व्यवस्था मिलाइनेछ ।

७०. ढलान, पिच जस्ता प्राविधिक रूपमा जटिल प्रकृतिका निर्माण कार्यहरू उपभोक्ता समितिबाट नगरिने र त्यस्ता कार्यहरूलाई ठेक्का प्रणालीबाट सञ्चालन गरिनेछ । उपभोक्ता समितिद्वारा केवल Labour Intensive कार्यहरू मात्र गर्ने नीति अवलम्बन गरिनेछ ।



विष्णु बहादुर विष्ट
नगर प्रमुख

७१. प्रत्येक वडामा रहेको बस बिसौनी तथा जनताको बढी आवतजावत हुने स्थान र बजार क्षेत्रहरूमा आवश्यकता अनुसार प्रतीक्षालयको स्थापना गरिनेछ।

७२. सार्वजनिक-निजी साझेदारी अवधारणाबाट सञ्चालन हुने परियोजनाको लागि आवश्यक समकक्षी कोषको व्यवस्था गरी स्रोतको सुनिश्चितता गरिनेछ।

७३. योजनाहरू कार्यान्वयन गर्दा मानव, विकास र वातावरण बीचको सन्तुलन कायम हुने अवधारणा बमोजिम दिगो विकास लक्ष्यसँग आवद्ध गरी अपेक्षित उपलब्धि हासिल गरिनेछ। साथै, नगर क्षेत्रभित्र स्थापना हुने भौतिक संरचनालाई विपद् उत्थानशील निर्माणलाई थप प्रभावकारी बनाइनेछ।

७४. नगरपालिकाले योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, सञ्चालन र विकासका प्रतिफल विवरणलाई समावेशी र सन्तुलित विकास नीति अवलम्बन गरिनेछ।

७५. वस्तुगत र तथ्यगत सूचकहरूको विकास गरी परियोजनाको गुणस्तर बढाउन अनुगमन प्रणालीलाई थप प्रभावकारी बनाइनेछ। साथै गुणस्तर परियोजनाको गुणस्तर परीक्षणको लागि आवश्यक उपकरणको व्यवस्था गरिनेछ।

७६. बजेट प्रणालीलाई व्यवस्थित, वस्तुपरक र कार्यान्वयनयोग्य बनाउन बजेट सिलिङ्ग प्रणालीलाई सूत्रमा आधारित बनाइनेछ।

७७. सडकहरूको मर्मत सम्भारको लागि नगरपालिकामा छुट्टै मर्मत सम्भार कोषको स्थापना गरी सञ्चालनमा ल्याइनेछ।

७८. नगरस्तरीय र वडास्तरीय गौरबका योजनाहरू पहिचान गरी कार्यान्वयनमा ल्याउन आयोजना बैंकलाई संस्थागत गरिनेछ।

७९. पर्यटकीय पूर्वाधारको विकास र विस्तारको लागि **'एक वडा, एक पर्यटन पूर्वाधार'** को नीतिलाई क्रमशः लागू गरिनेछ।

८०. नयाँ सडकको ट्र्याक खोल्ने कार्यलाई निरुत्साहित गरी हाल सञ्चालनमा रहेका सडकहरूको स्तरोन्नति गरिनेछ।

**सामाजिक विकासः**

८१. साँस्कृतिक सम्पदाहरुको सूचीकृत तथा संरक्षण गर्दै धार्मिक ट्रेल निर्माणका लागि सरोकारवालाहरु सँग समन्वय गरिनेछ।

८२. ऐतिहासिक, धार्मिक, साँस्कृतिक मेला महोत्सव, पर्व सञ्चालनका लागि आर्थिक सहायता प्रदान गर्नुका साथै दिगोपनाको लागि अक्षय कोष खडा गर्न अभिप्रेरित गरिनेछ।

८३. नगर क्षेत्रका ऐतिहासिक, धार्मिक, पुरातात्विक महत्वका मठ, मन्दिर, पोखरी, चैत्य, गुम्बाको अभिलेख व्यवस्थित गरिनेछ।

८४. साँस्कृतिक बाजालाई संरक्षण तथा प्रवर्द्धन गर्न नयाँ पुस्तामा सिकाइ हस्तान्तरण गरिनेछ।

८५. हरेक वर्ष कम्तिमा एकवटा साँस्कृतिक प्रतियोगिता/बाजा प्रतियोगिता आयोजना गरिनेछ।।

८६. थाहा कोशेली घरलाई थप व्यवस्थित ढंगबाट सञ्चालन व्यवस्थापन गर्न अनुदान र संघ संस्थासंग सहकार्य गर्दै अघि बढिनेछ।



विष्णु बहादुर विष्ट
नगर प्रमुख

८७. स्थानीय तहसँग भगिनी सम्बन्ध विस्तारका लागि पहल गरिनेछ।

८८. गैरसरकारी संस्थामार्फत् गरिने विभिन्न क्षेत्रगत सामाजिक कार्यलाई थप व्यवस्थित, संस्थागत र उपलब्धिमूलक बनाउन **NGO DESK** लाई थप प्रभावकारी बनाइनेछ।

८९. सीपमूलक तालिम दिई युवाहरुलाई उद्यमशील बनाइनेछ।

९०. चालु कोष तथा बिउ पुँजीको रकम महिलाहरुलाई उद्यमशील बनाउनका लागि लगानी गरिनेछ।

९१. बालमैत्री नगर घोषणा गर्न आवश्यक कार्यक्रम तर्जुमा गरिनेछ।

९२. विपन्न, दलित, जनजाति, अपाङ्गता भएकालाई विशेष कार्यक्रम मार्फत मुल प्रवाहीकरणमा जोड दिईनेछ।

९३. असहाय बेवारिसे र सडक सहयोगापेक्षीलाई मानव सेवा आश्रमसँग सहकार्यमा उद्दार उपचार र व्यवस्थापन गरिनेछ।

९४. नगरपालिकाको स्थापना दिवस विविध कार्यक्रमसहित मनाइनेछ।

९५. लागूपदार्थ दुर्व्यशनी विरुद्धका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

९६. युवाहरुको व्यक्तिगत वृत्ति विकास मार्ग पत्ता लगाउन करियर परामर्श कक्षा संचालन गरिनेछ।

९७. उपप्रमुख शैक्षिक वृत्ति कोषलाई थप मजबुत बनाउन संघ संस्थाहरुसँग समेत सहकार्य प्रयास गरी कोष मार्फत दक्ष जनशक्ती उत्पादन गर्न सहायता प्रदान गरिनेछ।

**महिला, बालबालिका, जेष्ठ नागरिक तथा अपाङ्गतातर्फः**

९८. महिला उद्यमीहरुलाई प्रत्साहन गर्न सामुहिक उद्योग दर्तालाई प्रोत्साहन गरिनेछ।

९९. महिलाहरुलाई स्वरोजगारमुलक तालिम दिई, स्वाबलम्वी र आत्मनिर्भर बनाइनेछ। साथै, महिला सहकारी विशेष कार्यक्रम संचालनमा जोड दिईनेछ।

१००. महिला जनप्रतिनिधीहरुलाई नेतृत्व विकास तथा क्षमता विकाससम्बन्धी तालिम सञ्चालन गरिनेछ। बेचबिखन र घरेलुहिंसा पीडित महिलाहरुलाई पुर्नस्थापना गर्न आवश्यक पहल गरिनेछ।

१०१. महिलाहरुको समस्या तथा मागलाई सम्बोधन गर्न महिलाको नेतृत्वमा समिती तथा बाल संरक्षण समितिहरु गठन गरिनेछ।

१०२. बाल दुर्व्यवहार तथा बालबालिका सम्बन्धी सबै प्रकारका हिंसा विरुद्ध सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

१०३. अपाङ्गता भएकाहरुको जीवनस्तर सहज गराउन आवश्यक सहायता सामग्री उपलब्ध गराइनेछ। नगरपालिका क्षेत्रमा निर्माण हुने सरकारी भवन लगायत संरचनाहरुलाई अपाङ्गमैत्री बनाउन प्राथमिकता दिइनेछ।

१०४. अपाङ्गता भएका व्यक्तिको जीवन सहज बनाउन सिपमुलक तालिम सञ्चालन गर्नुका साथै विद्यार्थीहरुको लागि छात्रवृत्ति प्रदान गरिनेछ।

१०५. अपाङ्गता भएका व्यक्तिहरुको पहिचान तथा उपचारका लागि सहयोग गरिनेछ।

१०६. जेष्ठ नागरिक परिचयपत्र बनाउने प्रकृया सरल र सहज बनाईनेछ।

१०७. सबै वडामा जेष्ठ नागरिक दिवा सेवा केन्द्र स्थापना गरी जेष्ठ नागरिकहरुको निःशुल्क स्वास्थ्य परीक्षण नियमित खाने औषधीहरु निशुल्क वितरणको व्यवस्थापन गरिनेछ।



विष्णु बहादुर बिष्ट
नगर प्रमुख

१०८. जेष्ठ नागरिकहरुको मनोवल उच्च राख्दै पुर्नताजकी गर्न वर्षमा एकपटक धार्मिक अवलोकन भ्रमण कार्यक्रम संचालन गरिनेछ।

१०९. जेष्ठ नागरिकलाई हुने विभिन्न दुर्व्यवाहार विरुद्धका कार्यक्रम संचालन गरिनेछ।

११०. नगरमा संचालन हुने योजनाहरुमा बालबालिकाको योजना तथा मागलाई समेत सम्बोधनको लागि प्रत्येक वर्ष वडा तथा नगरमा बालभेला संचालन गरिनेछ।

१११. एकल महिलाहरुको जीवनस्तर सुधारका लागि आयआर्जन मुलक कार्यक्रमहरु संचालन गरिनेछ।

११२. हिन्दु महिलाहरुको महान पर्व हरितालिका तिजलाई महिला अधिकारको सचेतना जगाउने अवसरको रुपमा उपयोग गर्न कार्यक्रम संचालन गरिनेछ।

११३. महिलाको अधिकार सम्बन्धी विभिन्न दिवसहरु मनाइनेछ।

११४. बालबालिका, युवा किशोर किशोरीको लागि लागुपदार्थ दुर्व्यसनी, अनलाईन सुरक्षा, बालविवाह, आत्महत्या तथा हिंसामुक्त नगर बनाउन विभिन्न कार्यक्रम संचालन गरिनेछ।

११५. अभिभावकविहिन र विपन्न बालबालिकाहरुको विशेष संरक्षण को व्यवस्था गर्न विपन्न बालबालिका सहयोग कार्यक्रम संचालन गरिनेछ।

११६. नेपालको कानूनबमोजिम विद्यालयलगायतका सार्वजनिक क्षेत्रको वरिपरी कानूनले तोके बमोजिमका मादकपदार्थ, चुरोट, खैनी, सुर्ति बेचविखन गर्न नपाउने गरी कडाइ गरिनेछ।

११७. नगरभित्रको सरकारी कार्यालय, बैङ्क तथा बजार क्षेत्रमा स्तनपान कक्ष सेवा संचालनको लागि आवश्यक पहल गरिनेछ।

११८. करार सेवामा रहेका महिला कर्मचारीहरुको लागि प्रसुति विदा स्थायी सेवाको महिला कर्मचारी सरह व्यवस्था गर्न आवश्यक पहल गरिनेछ।

**खानेपानी तथा सरसफाइः**

११९. आधारभूतस्तरको खानेपानी सेवा उपलब्धतालाई उच्च प्राथमिकतामा राखी खानेपानी आयोजनाहरु कार्यान्वयनमा ल्याइनेछ।

१२०. खानेपानी सुविधा नपुगेको क्षेत्रहरुमा **'एक घर, एक धारा'**को संकल्पलाई पूरा गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ। बागमती प्रदेश सरकारसंगको सहकार्यमा खानेपानी, सरसफाई तथा स्वच्छता योजना (WASH Plan) निर्माण गरिनेछ।

१२१. सहलगानीका खानेपानी आयोजना कार्यान्वयनका लागि संघ, प्रदेश, खानेपानी बोर्ड र समुदायसंग सहकार्य गरिनेछ। निर्माण सम्पन्न भएका आयोजनाहरुबाट २४ सै घण्टा खानेपानी आपूर्ति हुने व्यवस्था मिलाइनेछ। खानेपानी व्यवस्थापनका लागि सहलगानीका योजनाहरुलाई प्राथमिकता दिई विकास साँझेदारहरुसंगको सहकार्यलाई निरन्तरता दिइनेछ।

१२२. स्थानीय उपभोक्ता समितिबाट सञ्चालित योजनाहरुलाई क्रमशः खानेपानी व्यवस्थापन बोर्डमा आवद्ध गर्ने कार्यलाई निरन्तरता दिइनेछ। खानेपानी बोर्ड मार्फत सञ्चालन भएका योजनाका न्यूनतम पानी उपभोग गर्ने ग्राहकलाई न्यूनतम महशुलमा नगरपालिकाको तर्फबाट ५० प्रतिशत अनुदान उपलब्ध गराइनेछ।



विष्णु बहादुर बिष्ट
नगर प्रमुख

१२३. खानेपानी तथा सरसफाई क्षेत्रमा क्रियाशील संघ/संस्थाको सहकार्यमा सुरक्षित खानेपानी युक्त समुदाय घोषणा गरिने छ।

१२४. नगरपालिका क्षेत्रमा रहेका अधुरो खानेपानी आयोजनालाई प्राथमिकता दिइनेछ । आयोजनाहरुको मर्मत संभारका लागि खानेपानी आयोजना निर्माण प्रारम्भ गर्दा नै निश्चित प्रतिशत छुट्याई खानेपानी व्यवस्थापन बोर्ड मार्फत मर्मत संभारको व्यवस्था मिलाइनेछ।

१२५. जैविक विविधताको संरक्षण गर्दै खानेपानी मुहान संरक्षणका लागि वृक्षारोपन तथा पुर्नभरण पोखरी निर्माण गरिनेछ। मुहान क्षेत्रबाट काष्ठ तथा गैरकाष्ठ वन पैदावार संकलन तथा निकासी गर्न पूर्ण रुपमा बन्देज लगाइनेछ।

१२६. सुरक्षित खानेपानी वितरणलाई उच्च प्राथमिकतामा राखी पानीजन्य रोग संक्रमण हटाउन खानेपानी गुणस्तर परीक्षण गर्ने व्यवस्था मिलाइनेछ।

१२७. थाहानगरको समग्र खानेपानी पूर्वाधार विकास तथा सेवा व्यवस्थापनका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ।

१२८. थाहा नगरपालिका वडा नम्बर १, २, ३ र ४ मा निर्माणाधिन पालुङ बृहत खानेपानी आयोजनाको चालु आर्थिक वर्षभित्रै निर्माण सम्पन्न गगी खानेपानी बोर्ड मार्फत सञ्चालनको व्यवस्था मिलाइनेछ।

१२९. थाहानगरमा नीजी क्षेत्रबाट व्यवसायिक रुपमा गरिने डिप बोरिङलाई निरुत्साहित गरी भूमिगत पानीको स्रोत संरक्षण गरिनेछ। ऐतिहासिक ढुङ्गेधारा संरक्षण तथा प्रवर्द्धन गरिनेछ।

**स्वास्थ्यतर्फः**

१३०. आगामी आर्थिक वर्षभित्र संस्थागत सुत्केरी (घरमा सुत्केरी शुन्य) नगरपालिका घोषणा गरिनेछ।

१३१. आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्रदान गरिनेछ।

१३२. प्राकृतिक चिकित्सा योग, तथा एक्युपन्चर जस्ता वैकल्पिक चिकित्सालाई साथै आँखाको प्राथमिक उपचार सेवालाई विस्तार गरिनेछ।

१३३. मानसिक स्वास्थ्य समस्याको सुरुको अवस्थामा पहिचान व्यवस्थापन, नाक, कान ,घाँटी तथा मुख स्वास्थ्य सेवाको विस्तार गरिनेछ।

१३४. आधारभूत स्वास्थ्य सेवाले नसमेटेका उपचारात्मक सेवालाई स्वास्थ्य बीमा कार्यक्रम मार्फत विशेषशज्ञ सेवा प्रदान गरिनेछ।

१३५. सामुदायिक महिला स्वास्थ्य स्वयम्सेविका कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१३६. नसर्ने रोगको समयमा नै पहिचान, रोकथाम, उपचारका लागि आवश्यक व्यवस्था गरिनेछ।

१३७. दीर्घरोग तथा क्यान्सरबाट पीडितहरुलाई प्रशामक स्वास्थ्य सेवा उपलब्ध गराइनेछ।

१३८. नगरभित्र १५ शैयाको प्राथमिक अस्पतालबाट एवम् स्वास्थ्य चौकीहरुबाट समेत स्वास्थ्य शिविर र बहिरंग मार्फत मेडिकल अधिकृतबाट सेवा उपलब्ध गराइनेछ ।

१३९. प्राथमिक स्वास्थ्य केन्द्रलाई आर्थिक वर्ष २०८१/०८२ बाट नगर अस्पतालको रुपमा संचालन गरिनेछ।



थाहा नगरपालिका नगर कार्यपालिकाको कार्यालय चित्लाङ, मकवानपुर बागमती प्रदेश, नेपाल २०७३

विष्णु बहादुर बिष्ट
नगर प्रमुख

१४०. अक्सिजन आवश्यक भएका विरामीहरुलाई नगरबाटै सरल र सुपथ मूल्यमा अक्सिजन उपलब्ध गराइनेछ।

१४१. थाहा नगरपालिकामा संचालित सरकारी तथा निजी स्वास्थ्य संस्थाहरुबाट दिइने स्वास्थ्य सेवामा विपन्न नागरिकलाई १ प्रतिशत निःशुल्क आरक्षण बेडका लागि पहल गरिनेछ।

१४२. महिला तथा बालबालिकाहरुको पोषण अवस्थालाई सुधार गर्न समुदायस्तरमा विभिन्न गतिविधि संचालन गरिनेछ।

१४३. पालुङ प्राथमिक स्वास्थ्य केन्द्रमा सञ्चालन भैरहेको मनोसामाजिक परामर्श सम्बन्धी कार्यक्रमलाई निरन्तरता दिइने।

१४४. नागरिकको स्वास्थ्य सेवालाई घरसम्म पुऱ्याउनका लागि 'ग्रामिण भिडियो एक्सरे' कार्यक्रमलाई निरन्तरता दिइनेछ। डाक्टरसहितको घुम्ति स्वास्थ्य सेवालाई निरन्तरता दिइनेछ।

१४५. वडास्तरीय क्षयरोग क्रियाकलापको सुक्ष्म योजनाको पुनरावलोकन गरिनेछ।

१४६. क्षयरोगमुक्त पालिका घोषणाका लागि कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ।

१४७. क्षयरोग मुक्त घोषणा अभियानका लागि आवश्यक पर्ने जनशक्ति स्थानीय तहले क्रमश व्यवस्थापन गरिनेछ ।

१४८. क्षयरोगका बिरामीहरुको उपचारमा सुधार ल्याउनको लागि पोषणयुक्त खानेकुरा (फुड बास्केट) वितरण कार्यलाई निरन्तरता दिईनेछ।

१४९. भौतिक पूर्वाधार, उपकरण, औषधी तथा रोग निदानका सामग्री व्यवस्थापनका लागि केन्द्र तथा प्रदेशसँग समन्वय गरिनेछ।

१५०. अभियानलाई सफलतापूर्वक सञ्चालन गर्नका लागि सबै तहले आवश्यकता अनुसार नियमित रुपमा श्रोत र साधनको सुनिश्चितता गर्न सहयोग गरिनेछ ।

**शिक्षा विकासतर्फः**

१५१. आर्थिक वर्ष २०८१।०८२ देखि आधारभूत तहको शिक्षा अनिवार्य र माध्यमिक तहको शिक्षा निःशुल्क गर्नको लागि विद्यालयस्तरको आवधिक, वार्षिक परीक्षाको सञ्चालन र व्यवस्थापन नगरपालिकाबाट सञ्चालनका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ।

१५२. नगरमा उपलब्ध नभएको विशेषज्ञ सेवा विषय विज्ञहरुबाट आपूर्ति गरिनेछ।

१५३. सार्वजनिक विद्यालयमा विद्यार्थी शिक्षकका अनुपातका आधारमा दरबन्दी समायोजन, विद्यालय एकीकरण, समायोजन, कक्षा थपघटका कार्यक्रमलाई आगामी वर्षमा पनि निरन्तरता दिइनेछ।

१५४. शून्य दरबन्दीमा सञ्चालित आधारभूत तह (कक्षा ६-८), माध्यमिक तह कक्षा (१) र कक्षा ११-१२ सञ्चालित विद्यालयहरुलाई कक्षा व्यवस्थापनका लागि आवश्यक प्रोत्साहन अनुदान व्यवस्थालाई आगामी आर्थिक वर्ष २०८१।०८२ मा निरन्तरता दिइनेछ।

१५५. कोभिड-१९ को असरबाट भएको शैक्षिक क्षतिलाई कम गर्न नमूना परीक्षा सञ्चालन र विश्लेषण गरी कम क्षमता भएका विद्यार्थीका लागि शैक्षिक कार्यक्रमहरू सञ्चालन गरिनेछ।



विष्णु बहादुर बिष्ट
नगर प्रमुख

१५६. कक्षा ८ मात्र सञ्चालन भएका विद्यालयहरूलाई कक्षा ६-८ का विद्यार्थीहरूलाई नगरपालिकाबाट दिवा खाजाको रू. १५ का दरले एक आर्थिक वर्ष बढिमा १८० दिनको लागि रकमको व्यवस्थालाई निरन्तरता दिइनेछ।

१५७. नगर शिक्षा योजना निर्माण गरिनेछ।

१५८. नगरपालिकाबाट सञ्चालन हुने राष्ट्रपति रनिङ शिल्ड, थाहा गोल्ड कप, उपमेयर ब्याडमिन्टन कप सञ्चालनका लागि एकीकृत कार्यविधि निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ।

१५९. स्थानीय पाठ्यक्रम थाहा ज्ञानमाला र तामाङ भाषाको पाठ्यक्रमको कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१६०. विद्यालयको नियमित अनुगमनका लागि आवश्यक साधन र सामग्रीको व्यवस्थापन गरिनेछ।

१६१. नगरपालिकाबाट नमूना विद्यालयको कार्यक्रमलाई आवश्यक सहजीकरणको व्यवस्था मिलाइनेछ।

१६२. विद्यार्थी प्रतिभाका कार्यक्रमहरू सञ्चालनमा ल्याइनेछन्।

१६३. विद्यालयका शिक्षक, कर्मचारीहरूलाई क्षमता अभिवृद्धि र मौद्रिक प्रोत्साहनका कार्यक्रमहरूलाई निरन्तरता दिइनेछ।

१६४. पालुङ बहुमुखी क्याम्पसलाई दिदै आएको अनुदान कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१६५. फ्रेन्डसिप क्याम्प सञ्चालनसहित स्थानीय स्काउट समितिमार्फत् स्काउटका गतिविधिहरूलाई निरन्तरता दिइनेछ।

**खेलकुद विकासतर्फः**

१६६. थाहा नगरपालिकामा खेलिने र खेल्ने सम्भावना भएका खेलहरुलाई प्राथमिकताका आधारमा खेलाउन, विकास गर्न र प्रर्वद्धन गरिनेछ।

१६७. नगरपालिका स्थापना दिवसमा थाहा नगर-प्रमुख-११ र प्रमुख प्रशासकीय अधिकृत-११ बीच मैत्रीपूर्ण फुटबल प्रतियोगिता गरिनेछ।

१६८. थाहा खेलकुद विकास समिति र थाहा नगरपालिकाको लोगो सहित जर्सी तयार गरी खेलाडी तथा अफिसियललाई उपलब्ध गराई नगरको प्रतिनिधित्वलाई एकरुपता प्रदान गरिनेछ।

१६९. खेल प्रतियोगिताहरुमा सम्भव भएसम्म स्थानीय कालिगढ मार्फत तयार गरिएका सामग्री प्रयोगमा प्राथमिकता दिइनेछ।

१७०. फुटबल, भलिबल कराँते लगायतका खेलका प्रशिक्षक तथा रेफ्रीको रोष्टर तयार गरिनेछ।

१७१. वडालाई सचिवालय तोकी वडा खेलकुद विकास समितिलाई दर्ता प्रमाणपत्र उपलब्ध गराइनेछ।

१७२. विभिन्न विधाका खेलाडीको विवरण सङ्कलन गरी सूचीकृत गरिनेछ।

१७३. खेल प्रतियोगिता सञ्चालन गर्न अनुमति लिँदा अनिवार्य रुपमा आर्थिक स्रोतसहितको प्रस्तावना पेश गर्ने र सम्पन्नपश्चात् प्रतिवेदन बुझाउनुपर्ने व्यवस्था कडाइका साथ लागू गरिनेछ।

१७४. समिति आफै आयोजक हुने भन्दा बाहेकका प्रतियोगितामा सहायता प्रदान गर्ने विषयमा एकरुपताका लागि विशेष नीति लिइनेछ।

१७५. खेलाडी बिमा, प्रोत्साहन, सम्मान कार्यक्रमलाई निरन्तरता दिइनेछ।



थाहा नगरपालिकाको कार्यालय, चित्लाङ, मकवानपुर, बागमती प्रदेश, नेपाल, २०७३

विष्णु बहादुर बिष्ट
नगर प्रमुख

१७६. खेलाडीलाई बन्द प्रशिक्षण कार्यक्रममा सहभागिता जनाउनका लागि सहायता प्रदान गरिनेछ।

१७७. थाहा नगरपालिकाको सम्पूर्ण माध्यामिक विद्यालयहरुमा खेलाडीको पहिचान गर्न र खेल क्रियाकलाप सञ्चालन गराउनका लागि खेल स्वयम्‌सेवकको व्यवस्था गरिनेछ।

**सुशासन तथा संस्थागत विकासः**

१७८. स्वीकृत दरबन्दी बमोजिम जनशक्ति व्यवस्थापन गरी सेवाप्रवाहलाई प्रभावकारी बनाइनेछ।

१७९. जनगुनासो सुन्नका लागि व्यवस्थित संयन्त्र तयार गरिनेछ।

१८०. नगरपालिकाबाट प्रवाह गरिने सेवालाई चुस्त, दुरुस्त र जनमुखी बनाइनेछ।

१८१. सबै वडा कार्यालयहरुलाई आधारभूत सेवा प्रवाह गर्ने केन्द्रको रुपमा विकास गरिनेछ।

१८२. उत्कृष्ट कार्य गर्ने कर्मचारीलाई मापदण्ड बनाई पुरस्कृत गरिनेछ। सेवा निवृत्त नजिक रहेका राष्ट्र सेवक कर्मचारीहरुलाई योगदानको उच्च कदरसहित सम्मान गरिनेछ।

१८३. करार कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गराउनका लागि अध्ययन गरिनेछ। करार कर्मचारीहरुलाई योगदानमा आधारित रु.२ लाख सम्मको बीमा गरिनेछ।

१८४. १२ वटै वडामा रहने गरी प्राविधक कर्मचारीको व्यवस्थालाई निरन्तरता दिई नतीजामुखी विकास कार्यलाई बढवा दिइनेछ।

१८५. क्षमता अभिवृद्धिको लागि तालिम, अध्ययन र अवलोकन भ्रमणको व्यवस्था गरिनेछ। कर्मचारीहरुको मनोबल बढाउनका लागि पर्यटन काजलाई निरन्तरता दिइनेछ।

१८६. वैकल्पिक ऊर्जाको व्यवस्था नभएका वडा कार्यालयहरु र स्वास्थ्य चौकीहरुमा वैकल्पिक उर्जाको व्यवस्था गरिनेछ।

१८७. नगरले निर्माण गरेका ऐन, नियम, निर्देशिकाहरुलाई विज्ञमार्फत् अध्ययन गराई आवश्यक संसोधन तथा परिमार्जन गरिने छ।

१८८. प्रत्येक शाखा प्रमुख तथा वडा सचिवसँग कार्यसम्पादन करार गरिनेछ।

१८९. मातहतका निकायहरुमा नियमित अनुगमन गरी समयमै पृष्ठपोषण गरिनेछ।

१९०. आन्तरिक लेखापरीक्षणबाट त्रैमासिक रुपमा प्राप्त प्रतिवेदनमा उल्लेखित बेरुजुलाई सम्बन्धित शाखामार्फत् समयमा नै फछ्र्यौट गराउने र बेरुजु फछ्र्यौटलाई कार्यसम्पादन मूल्याङ्कनको सुचकको रुपमा समेत राखिने नीति लिइनेछ।

१९१. थाहा नगरपालिकामा हाल सञ्चालनमा रहेका वेब पोर्टल, बल्क एस.एम.एस., सामाजिक सञ्जाल जस्ता नागरिकहरुसंग प्रत्येक्ष सम्बन्ध राख्ने सूचना प्रविधिको प्रयोगलाई थप व्यवस्थित गरी प्रयोगमा जोड दिइनेछ।

१९२. पालिकाको सुशासन र परदर्शितालाई उच्च प्राथमिकतामा राखी प्रत्येक त्रैमासिक खर्च, प्रगति विवरण, कार्यपालिका तथा सभाका निर्णयहरु वेवसाइट मार्फत् सार्वजनिक गरिनेछ। पालिकाले नागरिक समक्ष पुऱ्याउनु पर्ने सूचना, सन्देशहरु आम सञ्चारको माध्यम तथा सामाजिक सञ्जालहरुको समेत प्रयोग गरी आम समुदाय समक्ष पुऱ्याउने व्यवस्था गरिने छ। यसका लागि स्थानीय लोककल्याणकारी सन्देश प्रकाशन तथा प्रशारणको व्यवस्था मिलाइने छ।

थाहा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, इन्द्रगढी चौर, मकवानपुर, बागमती प्रदेश, नेपाल, २०७३



विष्णु बहादुर बिष्ट
नगर प्रमुख

१९३. सुशासन र पारदर्शिताका लागि आमसञ्चार तथा सामाजिक सञ्जालहरुको प्रयोग गरिनेछ।

१९४. नगरपालिका कार्यालयको प्रशासनिक तथा अन्य गतिविधिलाई अनलाइन र सफ्टवेयरमा आधारित प्रणाली अपनाइनेछ । डिजिटल नगर प्रोफाइल निर्माणका लागि सम्बन्धित निकायहरुमा पहल गरिनेछ।

१९५. सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीलाई एमआइएस प्रणालीबाट सिधै बैंक खातामा भत्ता दाखिला हुने व्यवस्थालाई निरन्तरता दिइनेछ।

१९६. नगरपालिका र अन्तर्गतका कार्यालयको सुरक्षा र पारदर्शिताको लागि वडा कार्यालयहरु तथा नगरपालिका मातहतका कार्यलयहरुमा सिसिटिभी जडान गरी कार्यान्वयन गरिने छ।

१९७. स्थानीय तहको कार्यसम्पपादन मूल्याङ्कनका विभिन्न सूचकहरुको सुधारका लागि फोकल पर्सनहरुको व्यवस्था गरी अधिकतम प्रयास गरिनेछ।

**राजश्व परिचालनः**

१९८. चालू खर्च नियन्त्रण गरिनेछ। कर प्रणालीमा सुधार ल्याइनेछ। नयाँ करको संभावनाहरु पहिचान गरी करको दायरा विस्तार गरिनेछ। आन्तरिक राजश्व संकलनमा नगर प्रहरीहरुलाई परिचालन गरिनेछ।

१९९. विद्यमान करका दरहरु पुनरावलोकन गरिनेछ । करमा सहभागिता बढाउने नीति अवलम्बन गरिनेछ।

२००. नगरभित्रका बैंक तथा वित्तीय संस्थाहरुको सि.एस.आर. रकममा सहकार्य गरी राजश्व वृद्धि गर्न सकिने क्षेत्रमा लगानी गरिनेछ।

२०१. नगरको आयश्रोत अभिबृद्धिको निम्ति प्राकृतिक श्रोत व्यवस्थापनमा जोड दिइनेछ । कृषि, वन, पर्यटन खानीजन्य व्यवसायको व्यापक सम्भाव्यता अध्ययन गरी कार्यान्वयन गरेर नगरको आयश्रोत वृद्धि गरिनेछ।

२०२. कर तथा राजश्व संकलन गर्न निजी क्षेत्रसंग सहकार्य गरिने छ।

२०३. मालपोत रजिष्ट्रेशनलाई वृद्धि र चुहावट नियन्त्रणका लागि अनुगमन निरीक्षणलाई थप व्यवस्थित गरिने छ। यस कार्यका लागि मालपोत तथा नापी कार्यालयसंग सहकार्य गरिने छ।

२०४. लगानीमैत्री वातावरण सृजना गरी औद्योगिक विकासलाई प्रवर्द्धन गरिनेछ।

२०५. थाहा नगरपालिकामा करका नयाँ सम्भावनाहरु पहिचान तथा करको दायरा विस्तार गरि कर प्रणालीमा सुधार गरिनेछ।

२०६. नागरिकले तिर्नुपर्ने कर, राजश्व तथा महशुल अनलाइन माध्यमबाट घरमै बसेर तिर्न सकिने व्यवस्था गरिनेछ। साथै राजश्व भुक्तानीका लागि संघीय सरकारले जारी गरेको सुत्र प्रणालीलाई अबलम्बन गरिनेछ।

२०७. विद्यमान करका दरहरु पुनर्मूल्याङ्कन गरी करदाताले तिर्नुपर्ने कर रकमका बारेमा आर्थिक ऐनमा स्पष्ट उल्लेख गरिनेछ।

२०८. कर तथा राजश्व संकलनमा उद्योग वाणिज्य संघ, निजी क्षेत्र लगाएत सम्बन्धित सरोकारवालाहरुसँग समन्वय तथा साझेदारी गरिनेछ।



विष्णु बहादुर बिष्ट
नगर प्रमुख

२०९. राजश्व नीति तर्जुमा, आन्तरिक आय अनुमान तथा राजश्वको प्रक्षेपण गरिने छ।

२१०. करदाताको पहिचान गरी करका आधारहरुको अभिलेख अद्यावधिक गरी राखिनेछ।

२११. एकीकृत सम्पत्ती कर, व्यवसाय कर, घर बहाल कर, कृषि उपज निकासी कर, दहत्तर बहत्तर तथा निकासी शुल्क लगाएतका करको श्रोतलाई नगरको मुख्य आयश्रोतको रुपमा परिचालन गरिनेछ।

२१२. पुराना तथा २०८०/०८१ भन्दा अघी बनेका घरहरुको अभिलेखीकरण/प्रमाणिकरण र नक्सा पास प्रयोजनार्थ आर्थिक वर्ष २०८१/०८२ को आर्थिक ऐनमा उल्लेखित दररेटमा ५० प्रतिशतसम्म छुट दिइनेछ।

२१३. थाहा नगरपलिकामा व्यक्तिगत घटना दर्ता ३५ दिन भित्र दर्ता गर्न आवश्यक व्यवस्था गरिनेछ।

२१४. व्यक्तिगत घटना दर्ता थप सुदृढ बनाउनको लागि वडा सचिवहरुको लागि उचित तालिम तथा अभिमुखिकरणको व्यवस्था गरिनेछ।

२१५. व्यक्तिगत घटनाका पुराना ढड्डाहरुको डिजिटाइजेशनलाई थप सुदृढ गरिनेछ।

२१६. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने ९० वर्ष माथी र क वर्गको अपाङ्गता भएको लाभग्राहीहरुलाई नगरपालिकाले खाता खोल्न, दर्ता गर्न र भुक्तानी लिनको लागि सहयोग गर्नेछ।

२१७. सामाजिक सुरक्षा भत्ताका लाभग्राहीको मृत्यु भएमा पाउनुपर्ने भत्ताका लागि मृत्यु दर्ता, लगत कट्टा, वडाको सिफारिस र नाता प्रमाणित अनिवार्य गरिनेछ।

२१८. पालिका क्षेत्रको दुर्गम भनिएका वडाहरुमा सामाजिक सुरक्षा भत्ता वितरणमा भूक्तानी शिविरका लागि बैंक तथा वडा कार्यालयहरुसंग सहकार्य गरिनेछ।

**न्यायिक निरुपणः**

२१९. न्यायमा पहुँच, निशुल्क कानुनी सहायता, विवाद समाधान, वैकल्पिक उपाय र मेलमिलाप गर्ने नीति लिइनेछ। न्यायिक र अर्ध न्यायिक निकायले गरेको फैसला र मिलापत्रलाई कार्यान्यवनमा ल्याइनेछ।

२२०. थाहा नगरपालिका भित्र रहेको १२ वटा मेलमिलाप केन्द्रको संञ्चालनलाई निरन्तरता दिइनेछ। मेलकिलापकर्ताको क्षमता अभिवृद्धि, कानुनी शिक्षा लगायतका कार्यक्रमहरु संचालन गरिनेछ। सानातिना समस्याहरु वडातहबाटै न्यायिक निरुपण गरिनेछ।

२२१. कानुनी राय परामर्शको कार्यलाई निरन्तरता दिइनेछ।

२२२. न्यायमा पहुँच, निःशुल्क कानुनी सहायता, विवाद समाध।न, वैकल्पिक उपाय र मेलमिलाप गर्ने नीति लिइनेछ।

२२३. न्यायिक र अर्ध न्यायिक निकायले गरेको फैसला र मिलापत्रलाई कार्यान्यवनमा ल्याइनेछ।

२२४. मेलमिलापकर्ता र न्यायिक समितिको क्षमता अभिवृद्धि लागि कानुनी शिक्षा ,अध्ययन भ्रमण,चैमासिक बैठक तथा आधारभुत तालिम संचालनमा ल्याईनेछ।

२२५. कानुनी राय परामर्शको कार्यलाई निरन्तरता दिइनेछ । आधारभूत मानव अधिकारको संरक्षण,नागरिक स्वतन्त्रताको रक्षा तथा प्रवर्द्धन गरिनेछ।

**वन तथा वातावरणः**

थाहा नगरपालिका नगर कार्यपालिकाको कार्यालय चित्लाङ, मकवानपुर बागमती प्रदेश, नेपाल २०७३



विष्णु बहादुर बिष्ट
नगर प्रमुख

२२६. संघ, प्रदेशको नीति, कानुन तथा अदालतको आदेश बमोजिम वातावरण संरक्षणका उपायहरु अवलम्बन गरिनेछ।

२२७. नगरभित्रको जल, जमिन, वायु र ध्वनी प्रदूषण नियन्त्रण गरी स्वच्छ वातावरण प्रवर्द्धन गर्न आवश्यक कार्यक्रम संचालन गरिनेछ।

२२८. सार्वजनिक जग्गा, नदी किनार, सरकारी कार्यालय परिसरमा वृक्षारोपण गर्ने कार्यलाई निरन्तरता दिइनेछ। सतप्रतिशत घरले जमिन नओगटेका क्षेत्रहरुमा 'एक घर, एक रुख' अभियान संचालन गरिनेछ।

२२९. फोहर व्यवस्थापनका लागि टोल विकास संस्था, बजार व्यवस्थापन समितिको सहकार्यलाई प्राथमिकता दिइनेछ, सेग्रिगेसन हाउसलाई थप व्यवस्थित गरिनेछ र यसै आ.व मा अन्तिम फोहर व्यवस्थापनका लागि जग्गा खोजी गरी डिपिआर तयार गर्दै पूर्वाधार विकासका लागि संस्थाहरुसँग सहकार्य गरिनेछ।

२३०. वारुण यन्त्रका लागि पानीका श्रोतहरुको व्यवस्थापनका लागि सम्भव भएसम्म **एक वडा एक पोखरी** निर्माण गरिनेछ।

२३१. स्थानीय सामुदायिक वन महासंघ लगायतका संघसंस्थाहरुसँग सहकार्य गरी वन तथा वातावरण संरक्षणका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

२३२. पर्यापर्यटन विकास गर्नका लागि सामुदायिक वनसँग सहकार्य गरी पार्क तथा पिकनिक स्पटहरु निर्माण गर्न प्रदेश तथा संघीय सरकारसँग सहकार्य गरिनेछ ।

२३३. वातावरण संरक्षण सरोकारवालाहरुको क्षमता विकास, प्रतियोगितासहित वातवरण दिवस लगायतका कार्यक्रम सञ्चालन गरिनेछ।

२३४. थाहा नगरपालिकाका सामुदायिक वनका माथिल्ला भेगहरुमा रिचार्जेवल पोखरीहरु निर्माण गरिनेछ।

**विपद व्यवस्थापनतर्फः**

२३५. विपद व्यवस्थापन कार्यविधिमार्फत् खडा गरिएको कोष लाई थप मजबुत बनाइनेछ।

२३६. विपदबाट पीडित भई घरबार विहिन भएकाहरुलाई न्युनतम सुविधा भएको सुरक्षित आश्रय स्थल व्यवस्थापन गरिनेछ।

२३७. दमकल जान नसक्ने स्थानमा फायर हाइड्रेन्ट/पोर्टेबल पम्पको ब्यबस्थाका लागि आवश्यक सहकार्य गरिनेछ।

२३८. विपद व्यवस्थापनका लागि तुरुन्त रेस्पोन्स गर्न नगर प्रहरीलाई फोकल केन्द्रको रुपमा तोकिनेछ। नगरपालिकाको आपतकालिन सञ्चालन केन्द्रमा आवश्यक सामग्री व्यवस्थापन गर्दै सबै वडाहरुमा न्यूतम विपद् सामग्री रहने व्यवस्था गरिनेछ।

२३९. विपद व्यवस्थापनका लागि जनस्तर तथा विद्यालयस्तरमा विपद सचेतना, उद्धारको अभ्यासको कार्यलाई निरन्तरता दिइनेछ । आगोबाट हुने जोखिम न्यूनीकरण गर्न विशेष सचेतनाका कार्यक्रमहरु संचालन गरिनेछ।

थाहा नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
चित्लाङ, मकवानपुर
बागमती प्रदेश, नेपाल
२०७३



विष्णु बहादुर बिष्ट
नगर प्रमुख

२४०. विपद् स्वयमसेवक दस्ता गठन गरी तालिमको व्यवस्था तथा आवश्यक ड्रिलको व्यवस्था गरिनेछ।

२४१. विपदका बेला तत्काल सवारी साधन तथा मेशिनरी औजार परिचालन गर्न आवश्यक न्यूनतम १ हजार लिटर इन्धनको व्यवस्था गरिनेछ।

विष्णु बहादुर विष्ट
नगर प्रमुख
२०८१ असार ०७ गते

**विष्णु बहादुर बिष्ट**
**नगर प्रमुख**

# आर्थिक वर्ष २०८१/८२ बजेट वक्तव्य

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर
बागमती प्रदेश, नेपाल
२०७३

## थाहा नगरपपालिका

इन्द्रायणीचौर, मकवानपुर

# आर्थिक वर्ष २०८१/८२ बजेट वक्तव्य

**नगर सभाध्यक्षज्यू तथा नगरसभा सदस्यज्यूहरू**

१. नेपालको संविधानको धारा २१४ मा रहेको स्थानीय तहको कार्यकारिणी अधिकार तथा धारा २३० मा रहेको नगरपालिकाको राजस्व र व्ययको अनुमान सम्बन्धी व्यवस्था तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम आर्थिक वर्ष २०८१/८२ को बजेट प्रस्तुत गर्न गइरहेको छु। यस गरिमामय सभा समक्ष बजेट प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्त खुशी लागेको छ।

२. सर्वप्रथम लोकतन्त्र र सङ्घीय गणतन्त्र स्थापनाका निम्ति आफ्नो जीवन बलिदानी गर्ने सम्पूर्ण ज्ञात/अज्ञात सहिदहरूप्रति हार्दिक श्रद्धान्जली अर्पण गर्न चाहन्छु।

३. आन्तरिक राजस्व परिचालनका क्षेत्र साँघुरो हुँदा प्रदेश तथा सङ्घको आर्थिक सहायतालाई मुख्य आर्थिक स्रोतको रूपमा लिन यस नगरपालिका बाध्य भएको कुरा यहाँहरू समक्ष जानकारी गराउन चाहन्छु। देशको अर्थतन्त्र चलायमान नहुँदा सङ्घ र प्रदेश सरकार मात्र होइन, स्थानीय सरकार समेत यसबाट प्रभावित भएको छ। सङ्घ र प्रदेशबाट प्रदान गरिने अनुदान रकम क्रमशः घट्दो स्थितिमा छ। तथापि उपलब्ध सीमित श्रोत साधन बीच थाहा नगरपालिकाले कृषि, स्वास्थ्य, शिक्षा, पूर्वाधार, सामाजिक विकास, पर्यटन, खानेपानी तथा सरसफाइ, क्षमता विकास तथा सशक्तीकरणका क्षेत्रहरूमा बजेट विनियोजन गर्ने प्रयास गरेको छु, जसबाट आम नगरबासीहरूले केही हदसम्म भए पनि लाभ महसुस गर्नुहुने आशा गरेको छु।

४. बजेट निर्माण गर्दा नेपालको संविधान, १५ औं आवधिक योजना, प्रदेश आवधिक योजना, दिगो विकास लक्ष्य, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक वर्ष २०८१/८२ को सङ्घ र प्रदेशको वार्षिक बजेट तथा कार्यक्रम, थाहा नगरपालिकाको आवधिक योजना, थाहा नगरपालिकाको नीति तथा कार्यक्रम, विभिन्न विज्ञ, राजनीतिक दल एवम् संघ/संस्थाको प्रतिनिधिहरू लगायत सम्पूर्ण नगरबासीहरूको राय तथा अन्तर्किया तथा सुझावहरूलाई आधार बनाई आर्थिक वर्ष २०८१/८२ को बजेट तर्जुमा गरिएको छ।

५. यो बजेटबाट स्थानीय अर्थतन्त्र चलायमान भई यस नगरपालिकाको विकास, सुशासन र समृद्धिको लक्ष्य हासिल हुनेमा म विस्वस्त छु।

**अध्यक्ष महोदय,**

अब म चालू आर्थिक वर्षको कार्यान्वयनको समीक्षा संक्षेपमा प्रस्तुत गर्न अनुमति चाहन्छु।

६. चालु आर्थिक वर्ष २०८०/८१ मा सङ्घीय समानीकरण, प्रदेश समानीकरण, सङ्घ र प्रदेश राजस्व बाँडफाँड र आन्तिरक राजस्वको प्रक्षेपित रु ६० करोड २१ लाख १० हजार ८ सय ३५ गरिएकोमा २०८१ जेठ मसान्तसम्म रु. ३३ करोड ३८ लाख १ हजार ५८ प्राप्त भएको छ। उक्त रकममध्ये चालूतर्फ रु ५२ करोड ६८ लाख ७८ हजारमध्ये ४० करोड ८० लाख ९ हजार ५ सय १ रुपैयाँ ४८



विष्णु बहादुर विष्ट
नगर प्रमुख

पैसा अर्थात् ७७.४४% र पूँजीगत बजेट रकम रु. ५१ करोड १ लाख ८६ हजार ८ सय ३५ मध्ये जेठ मसान्तसम्म रु. २६ करोड उनान्साठ्ठी लाख ४५ हजार ५८ रुपैंयाँ २६ पैसा अर्थात् ५२.१३% खर्च भएको छ। अनुमानित राजस्व पूर्ण रूपमा प्राप्त भएमा असार मसान्तसम्म चालूतर्फ ९२.२% र पूँजीगततर्फ ८५.२% खर्च हुने अनुमान गरिएको छ। यदि राजस्वको यही अवस्था रहेमा घाटा बजेट करिब १९ करोडभन्दा बढी रहन गई खर्चमा प्रत्यक्ष प्रभावित पर्ने र कूल खर्च करिब ७०% मात्र रहने अनुमान गरिएको छ।

७. यस नगरपालिका र गैरसरकारी संस्थाबीच साझेदारी गरी लिफ्टिङ्ग लगायतका खानेपानी पूर्वाधार विकास मार्फत खानेपानीको सुविधा पुऱ्याइएको छ। आ.व. २०७९/८० सम्म ४६ वटा खानेपानी परियोजना सम्पन्न भएका छन्।

८. कृषकको उत्पादनलाई मूल्य अभिवृद्धि गर्न सहज हुनेगरी यस नगरपालिकाको वडा नं. ३ स्थित शीत भण्डार निर्माण कार्य ६५% सम्पन्न भएको छ। सञ्चालन पश्चात् किसानहरूको उत्पादनले व्यवस्थित भण्डारण पाउनेछ, जसबाट उत्पादनले राम्रो मूल्य पाउनेमा यस नगरपालिका विश्वस्त छ।

९. नगरबासीहरूलाई स्वास्थ्य सुविधा सहज र सर्वसुलभ रूपमा प्रदान गर्न वडा नं. ४ स्थित निर्माणाधीन १५ शैय्याको अस्पताल निर्माण सम्पन्नको चरणमा रहेको छ।

१०. नगरवासीहरूलाई सुलभ र सहज रूपमा अक्सिजनको आपूर्ति गर्न नगरपालिकाको पहलमा अक्सिजन प्लान्ट सञ्चालन गरिएको छ।

११. विपद् व्यस्थापनलाई प्रभावकारी बनाउन २४ सैं घण्टा दमकल सेवा, एम्बुलेन्स् सेवा र विपद राहत कोषको प्रभावकारी ढङ्गबाट परिचालन गरिँदै आएको छ।

१२. कृषिको आधुनिकीकरण, व्यवसायीकरण, यान्त्रिकीकरण एवम् विविधीकरण गर्न कृषि यन्त्रहरू र बीऊबीजन तथा टनेल निर्माणको लागि यस नगरपालिकाबाट अनुदान प्रदान गरिएको छ। यसैगरी कृषि पकेट क्षेत्रको पहिचान गरी सोही बमोजिम कृषि खेती विकास र विस्तार गर्ने काम भएको छ। चालू आर्थिक वर्षको बैशाख मसान्तसम्म "एक घर एक टनेल" कार्यक्रम अन्तर्गत ७५ वटा र नमूना टनेल २१ वटा निर्माण सम्पन्न भएको छ।

१३. विद्यालयहरूको भौतिक संरचना निर्माणलाई उच्च प्राथमिकता दिइएको छ। जनकल्याण माध्यमिक विद्यालयको प्रशासनिक भवन निर्माण अन्तिम चरणमा पुगेको छ। साथै यस नगरपालिकाभित्रका सामुदायिक विद्यालयहरूमा स्थानीय पाठ्यक्रममा आधारित थाहा ज्ञानमालाको पठनपाठन शुरु भइसकेको छ भने तामाङ्ग भाषाको माध्यमबाट पठनपाठन भइरहेको छ। शिक्षाको गुणस्तर वृद्धि गर्ने यस नगरपालिकाबाट विभिन्न प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्दै आइरहेको बेहोरा अवगत गराउन चाहन्छु।

१४. पशुपालन व्यवसायलाई प्रवर्द्धन गर्न विभिन्न अनुदान कार्यक्रम सञ्चालन गर्दै आएको छ।



विष्णु बहादुर बिष्ट
नगर प्रमुख

१५. सार्वजनिक सेवालाई सवल, सक्षम, जनमुखी, पारदर्शी, उत्तरदायी बनाउन सम्पूर्ण वडा कार्यालयहरूलाई Networking गरी E-service को थालनी गर्ने प्रयास गरिएको छ।

१६. भुक्तानी प्रणालीलाई व्यवस्थित गर्दै पूर्ण रूपमा नगदविहीन गरिएको छ। साथै सामाजिक सुरक्षा भत्तालाई समेत पूर्ण रूपमा नगदविहीन गरिएको छ।

**आदरणीय सभाध्यक्ष महोदय**

अब म बजेट कार्यान्वयनमा देखिएका समस्या तथा चुनौतीहरू प्रस्तुत गर्न चाहन्छु।

१७. बजेट तर्जुमाका चरणमा स्रोतको वास्तविक आँकलन गर्न नसक्नु, संघ र प्रदेश सरकारबाट प्रदान हुने समानीकरण तथा राजस्व बाँडफाँडको सिलिङ्ग रकम अन्तिम किस्तामा प्राप्त नहुनु, बजेट कार्यान्वयन कार्ययोजना अनुरूप हुन नसक्नु, निर्माण व्यवसायीले समयमै काम सम्पन्न गर्न नसक्नु, उपभोक्ता समितिले अपेक्षाकृत रूपमा श्रमदान परिचालन गर्न नसक्नु, विद्युतका पोलहरू परियोजना सञ्चालन हुने स्थानहरूबाट नहटाइनु, समयमै साइट क्लिरेन्स् हुन नसक्नु, खरिद प्रक्रियाको कारण ठेक्का प्रणालीमा ढिलाई हुनु, सरोकारवालाबीच प्रभावकारी समन्वयको अभाव हुनु लगायतका कारणले पूँजीगत खर्च अपेक्षाकृत रूपमा हुन सकेको छैन।

१८. वित्तीय समानीकरणको अनुदान घट्दै जानु र सशर्त अनुदानको अंश बढ्दै जानु, राजस्वको दायरा विस्तार गर्न नसक्नु, वितरणमुखी कार्यक्रमहरूमा विस्तार हुनु तथा प्रशासनिक खर्च बढ्दै जानु जस्ता कारणले विकास बजेटको श्रोतमा दबाव सिर्जना भएको छ।

१९. चालु आर्थिक वर्षमा राजस्व लक्ष्यभन्दा न्यून सङ्कलन भएको छ। राजस्वका स्रोतहरूको पहिचान गर्न नसक्नु, पहिचान भएका स्रोतहरूबाट पनि अपेक्षित राजस्व सङ्कलन नहुनु, राजस्व चुहावट रोक्नको लागि वडा तहदेखि सक्रिय नियमनको अभाव हुनु, दक्ष जनशक्तिको अभाव, नगरक्षेत्रभित्र उद्योगको विकास र विस्तार नहुनु, नागरिक तथा व्यवसायीमा कर तिर्नुपर्छ भन्ने दायित्व बोध नहुनु, स्थानीय स्रोत परिचालनमा कमी हुनु, सबै आर्थिक कारोबारलाई राजस्वको दायराभित्र ल्याउन नसक्नु जस्ता कारणले लक्ष्य अनुरूपको राजस्व सङ्कलन गर्न सकिएको छैन।

२०. सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी, व्यावसायिक र सेवामूलक बनाई स्थानीय सरकारको उद्देश्य र जनताको आवश्यकतासँग आवद्धता गर्नु चुनौती रहेको छ।

२१. माथि उल्लिखित चुनौती तथा समस्या हुँदाहुँदै पनि हामीले कृषि, स्वास्थ्य, पूर्वाधार विकास, विद्युतीय शासन एवम् भुक्तानी प्रणाली, खर्च क्षमता (Absorption Capacity) लगायतको क्षेत्रमा नगरपालिकाले सन्तोषजनक नतिजा दिन सफल भएको कुरा लिजा (LISA), कार्यसम्पादन सूचकाङ्क, वित्तीय जोखिम सूचकाङ्क (FRA), यस वर्षको नगरपालिकाको बेरूजुको अवस्था एवम् सेवाग्राही तथा सरोकारवालाहरूबाट प्राप्त पृष्ठपोषणबाट प्रमाणित हुन्छ।

**सभाध्यक्ष, महोदय**



विष्णु बहादुर विष्ट
नगर प्रमुख

२२. **आर्थिक वर्ष २०८१/८२ को बजेटका उद्देश्यहरू निम्नानुसारका छन्ः**

क) कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गरी स्वरोजगारी र रोजगारी सिर्जना गर्ने,

ख) दिगो तथा गुणस्तरीय पूर्वाधार विकास गर्ने,

ग) निःशुल्क तथा गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने,

घ) निःशुल्क शिक्षा विकास मार्फत मानव पूँजी निर्माण गर्ने,

ङ) सार्वजनिक सेवा प्रवाहलाई चुस्त, दुरुस्त, पारदर्शी र जनउत्तरदायी बनाउनुका साथै सार्वजनिक सेवा प्रवाह र विकासमा सुशासन अभिवृद्धि गर्ने,

च) लक्षित समूहको क्षमता विकास र सशक्तीकरण गर्ने।

छ) उद्यमशिलता मार्फत रोजगारी सिर्जना र गरिबी निवारण गर्ने।

**अध्यक्ष, महोदय**

बजेटका प्राथिमिकताहरू यस प्रकार रहेका छन्ः

क) कृषि,

ख) पूर्वाधार विकास

ग) शिक्षा, स्वास्थ्य लगायत सामाजिक विकास

घ) पर्यटन,

ङ) सुशासन, सामाजिक न्याय र सामाजिक सुरक्षा

च) उद्यमशिलता र रोजगारी

छ) विपद् व्यवस्थापन

**अध्यक्ष महोदय,**

अब म आर्थिक वर्ष २०८१/८२ को राजस्व र व्ययको अनुमान पेश गर्न चाहन्छु।

२३. आर्थिक वर्ष २०८१/८२ को लागि कूल बजेट ९१ करोड ९१ लाख ४३ हजार ५ सय विनियोजन गरेको छु। जसमध्ये करिब चालू खर्चमा ६२% र पूँजीगत ३८% विनियोजन गरेको छु। जसमा सङ्घीय सरकारबाट पास समानीकरण अनुदान रु. १२ करोड २८ लाख, समपूरक अनुदान रु १ करोड, विशेष अनुदान रु. १ करोड, सशर्त अनुदान रु. ३० करोड ७१ लाख, ६ हजार ५ सय, राजस्व बाँडफाँड रु. १० करोड ६५ लाख ३० हजार १ सय ८२, रोयल्टी रु. १ करोड ८९ लाख ६९ हजार ८ सय १८ गरी जम्मा रु.५७ करोड ५४ लाख ६ हजार ५ सय रहेको छ।

त्यसैगरी प्रदेश सरकारबाट प्रास समानीकरण अनुदान रु. १ करोड २३ लाख ९० हजार, समपूरक अनुदान रु. ३ करोड, विशेष अनुदान रु. ६५ लाख, सशर्त अनुदान रु. ७ करोड १८ लाख ६७ हजार



विष्णु बहादुर बिष्ट
नगर प्रमुख

र राजस्व बाँडफाँड रु. ९ करोड ३५ लाख ५३ हजार गरी जम्मा रु. २१ करोड ४३ लाख १० हजार रहेको छ।

नगरपालिकाको आन्तरिक आयतर्फ राजस्व (कर तथा गैरकर) रु. ५ करोड र मालपोत रु. २ करोड, गरी जम्मा रु. ७ करोड आम्दानी हुने अनुमान गरिएको छ।

माथि उल्लिखित आयलाई निम्नानुसार बाँडफाँडको व्यवस्था मिलाएको छु।

कृषि तर्फ

२४. अनुदानमा आधारित मल्चिङ प्लाष्टिक, नमूना टनेल तथा कृषि चुनको कार्यक्रमलाई निरन्तरता दिएको छु। यसको लागि रु ८५ लाख ९४ हजार रुपैयाँ विनियोजन गरेको छु ।

२५. मेयर वडास्तरीय तरकारी पकेट कार्यक्रमको लागि रु २४ लाख विनियोजन गरेको छु ।

२६. यस नगरपालिकाको वडा नं. ७, ८, ११ र १२ को लागि धानको बिउमा ५० प्रतिशत अनुदान दिन आवश्यक बजेटको व्यवस्था गरेको छु ।

२७. आलु लगायतका खेतीबालीको प्रवर्द्धन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

२८. कृषकहरुको क्षमता विकास गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

२९. वास्तविक किसानहरुको पहिचान गरी किसानहरुमा अनुदानको कार्यक्रम पुऱ्याउन तथा दोहोरोपना हटाउन किसान सूचीकरण तथा परिचयपत्र वितरण गर्न रु ७ लाख विनियोजन गरेको छु ।

३०. चियाखेती व्यवस्थापनको लागि रु ५ लाख ७६ हजार विनियोजन गरेको छु ।

३१. थाहा नगरपालिकालाई आलु खेतीमा अग्रणी रुपमा विकास गर्न आलुको बिउमा आवश्यक अनुदानको व्यवस्था गरेको छु ।

३२. किसानहरुको माटो जाँच गरी उत्पादकत्व वृद्धि गर्न नगरपालिकाबाट वर्षभरी नै माटो जाँच गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

३३. स्थानीय रैथाने बालीको उत्पादन तथा प्रवर्द्धन गर्न आवश्यक बजेट व्यवस्था गरेको छु ।

३४. कृषि उत्पादनको उच्च मूल्य प्राप्त गर्न उत्पादन सामग्री प्याकेजिङ्गको लागि रु १० लाख विनियोजन गरेको छु ।

३५. नयाँ तरकारी पकेट विकास कार्यक्रमको लागि रु १२ लाख विनियोजन गरेको छु ।

३६. नेपालको रैथाने मकैवाली प्रवर्द्धन गर्न रु ७ लाख विनियोजन गरेको छु ।

३७. कृषि क्षेत्रतर्फ जम्मा रु ७ करोड ९ लाख ३५ हजार विनियोजन गरेको छु ।

पशुतर्फ

३८. पशुपालन प्रवर्द्धन गर्न ४० प्रतिशत अनुदानमा आधारित रु १७ लाख विनियोजन गरेको छु ।



विष्णु बहादुर बिष्ट
नगर प्रमुख

३९. पशुलाई पोषिलो खानामा सहयोग गर्न जै घाँसको बिउमा ७० प्रतिशत अनुदान दिन रु ७ लाख विनियोजन गरेको छु ।

४०. पशु बिमाको लागि ४० प्रतिशत अनुदान दिने गरी आवश्यक बजेट विनियोजन गरेको छु ।

४१. पशुलाई लाग्ने आकस्मिक रोगको उपचार गर्न आवश्यक औषधि खरिदको लागि रु ६ लाख विनियोजन गरेको छु ।

४२. नगरपालिकालाई ३ वर्ष भित्रमा दुधमा आत्मानिर्भर बनाउन उत्पादनमा आधारित प्रोत्साहनको लागि रु ५ लाख विनियोजन गरेको छु ।

४३. दुध तथा मासुमा आत्मनिर्भर हुन नश्लसुधार कार्यक्रमको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

४४. पशुतर्फ जम्मा रु ६५ लाख ५९ हजार रुपैयाँ विनियोजन गरेको छु ।

स्वास्थ्य तर्फ

४५. स्वास्थ्यमा सबैको पहुँच पुऱ्याउन गरिब स्वास्थ्य विमालाई निरन्तरता दिएको छु । दिगो विकासको लक्ष्य बमोजिम मातृ तथा नवजात शिशु सुरक्षाका लागि पूर्ण संस्थागत सुत्केरी, भिडियो एक्सरे तथा गर्भपतन सेवालाई निःशुल्क तथा भरपर्दो बनाउन रु ६१ लाख बजेट विनियोजन गरेको छु ।

४६. स्वास्थ्य संस्थाहरुमा नेपाल सरकारले तोके बमोजिम न्यूनतम मापदण्ड सुधार तथा निःशुल्क औषधी वितरण गर्न ५९ लाख विनियोजन गरेको छु।

४७. क्षयरोगको घर घरमा स्क्रिनिङ अभियान सञ्चालन गरिनेछ तथा समुदायस्तरमा जाँच शिविरका लागि २२ लाख ८० हजार विनियोजन गरेको छु ।

४८. वैकल्पिक स्वास्थ्य विधिका रुपमा प्रयोग हुने योग तथा आर्युवेदिक उपचार पद्धतिका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

४९. कडा तथा दीर्घरोगी मृगौला प्रत्यारोपण, डायलासिस गराइरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका विरामीहरुलाई औषधी उपचार खर्चका लागि मासिक रुपमा ५ हजार दरले उपलब्ध गराउने रकमका लागि २९ लाख १७ हजार विनियोजन गरेको छु।

५०. पोषण सुधार कार्यक्रमलाई निरन्तरता दिँदै आवश्यक बजेट विनियोजन गरेको छु ।

५१. पालुङ प्राथमिक स्वास्थ्य केन्द्रमा थप सेवाको सुद्धिकरणका लागि रु २० लाख विनियोजन गरेको छु ।

५२. नियमित खोप तथा पूर्ण खोप सुनिश्चितताका लागि रकम विनियोजन गरेको छु।

५३. समुदायस्तरमा स्वास्थ्य सम्बन्धी अभिमुखीकरण गरी सचेतनाका लागि महिला स्वयमंसेविकाहरुको परिचालन कार्यक्रमलाई निरन्तरता दिएको छु ।



विष्णु बहादुर बिष्ट
नगर प्रमुख

५४. नागरिकको स्वास्थ्य नै देश विकासको पहिलो प्राथमिकता रहेको तथ्यलाई मध्यनजर गर्दै समग्रमा स्वास्थ्य क्षेत्रतर्फ रु ८ करोड ९५ लाख बजेट विनियोजन गरेको छु ।

शिक्षा तर्फ

५५. "शिक्षित, सभ्य, स्वस्थ र सक्षम जनशक्ति, सामाजिक न्याय, रुपान्तरण र समृद्धि" को नारालाई मूर्त रुप दिन शिक्षालाई प्रविधिमैत्री तथा उत्पादनशील बनाउनु आजको आवश्यकता हो । निःशुल्क शिक्षाको राष्ट्रिय नीतिलाई मूर्त रुप दिन यसै आर्थिक वर्षमा आधारभूत तहलाई अनिवार्य तथा निःशुल्क र माध्यमिक शिक्षा निःशुल्क शिक्षा घोषणा सकिएको छ ।

५६. सार्वजनिक विद्यालयहरुमा पाठ्यपुस्तकमा दिइने अनुदानलाई निरन्तरता दिँदै आगामी आर्थिक वर्षका लागि रु ४५ लाख विनियोजन गरेको छु ।

५७. दिवा खाजा कार्यक्रमलाई पनि निरन्तरता दिँदै रु. ९१ लाख विनियोजन गरेको छु।

५८. शिक्षामा सबैको पहुँच अभिवृद्धिका लागि विपन्न लक्षित छात्रवृत्ति लगायतका विभिन्न छात्रवृत्ति कार्यक्रमका लागि ११ लाख बजेट विनियोजन गरेको छु।

५९. पालुङ बहुमुखी क्याम्पसको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि रु २५ लाख बजेट विनियोजन गरेको छु।

६०. लैंगिक समताका लागि विद्यालयमा छात्राको पहुँच पुर्‍याउन निःशल्क स्यानिटरी प्याड व्यवस्थापनका लागि १९ लाख बजेट विनियोजन गरेको छु ।

६१. यस नगरपालिकाका विद्यार्थीहरुलाई तामाङ भाषा पाठ्यक्रममै राखी भाषा प्रवर्द्धन गर्न आगामी वर्ष कक्षा ३ सम्म लागु गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

६२. विपदको समयमा विद्यार्थीहरुको सिकाइमा हानी पुग्ने हुँदा त्यस्तो क्षति आपुरण तथा द्रुत सिकाइ योजना कार्यक्रम शुरु गर्नका लागि रु ५ लाख विनियोजन गरेको छु ।

६३. नमूना विद्यालय तथा विशेष विद्यालयको स्वीकृत गुरुयोजना अनुरुप पूर्वाधार तथा क्षमता विकासका लागि रु १ करोड विनियोजन गरेको छु।

६४. शिक्षाको गुणस्तर अभिवृद्धिका लागि शैक्षिक क्यालेण्डरलाई निरन्तरता दिँदै कार्यान्वयनका लागि अनुगमन गर्न आवश्यक बजेट व्यवस्था गरेको छु।

६५. आधारभुत तथा माध्यमिक तहमा अंग्रेजी, गणित र विज्ञान शिक्षणका लागि अनुदानलाई निरन्तरता गर्दै रु ४२ लाख विनयोजन गरेको छु ।

६६. शैक्षिक सुशासन, विद्यार्थी परीक्षण मुल्यांकन तथा समग्र शैक्षिक गुणस्तरमा ध्यान दिँदै शिक्षा तर्फ समग्रमा रु २६ करोड ३० लाख विनियोजन गरेको छु ।



विष्णु बहादुर बिष्ट
नगर प्रमुख

सुशासन, कार्यालय सञ्चालन तथा प्रशासनिक तर्फ

६७. राष्ट्रसेवक कर्मचारीहरुको उच्च मनोबलले सेवा प्रवाहमा सकारात्मक उर्जा प्रदान गर्ने गर्दछ भन्ने मान्यता राख्दै यस आर्थिक वर्षदेखि पर्यटन काजको लागि रु ३० लाख विनियोजन गरेको छु ।

६८. करार सेवामा कार्यरत राष्ट्रसेवक कर्मचारीहरुलाई थप प्रोत्साहनका लागि रु २ लाख सम्मको विमा सहभागितामूलक पद्धतिमा लागु गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

६९. समग्रमा सुशासन, कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्रमा रु १५ करोड विनियोजन गरेको छु ।

महिला बालबालिका अपाङ्ग तथा ज्येष्ठ नागरिक तर्फ

७०. ज्येष्ठ नागरिकलाई विभिन्न स्थानहरुको भ्रमण अवलोकन तथा सम्मान गर्न रु ११ लाख बजेट विनियोजन गरिएको छ।

७१. अपाङ्गता भएका व्यक्तिहरुको क्षमता विकास तथा जीविको पार्जन गर्न आवश्यक रकम विनियोजन गरेको छु।

७२. बालवालिकाहरुलाई लागु पदार्थ, बालविवाह तथा दुर्व्यसनी बाट सचेत गराउन आवश्यक बजेट विनियोजन गरेको छु।

७३. एस.ई.ई दिएर बसेका बालवालिकाहरुलाई करिअर काउन्सिलिङ गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

७४. आमा बावु विहिन बालबलिकाहरुको संरक्षण गर्न रु ३ लाख ६० हजार विनियोजन गरेको छु ।

७५. विपन्न एकल महिलाहरलाई सिपमूलक तालिम संचालन गर्न रु २ लाख ५० हजार विनियोजन गरेको छु ।

७६. मानव विकास सूचकांकमा पछाडि परेका महिलाहरुको जीवनस्तर सुधार गर्न रु ८ लाख ९० हजार विनियोजन गरेको छु ।

७७. महिला, बालबालिका, अपाङ्ग तथा ज्येष्ठ नागरिक तर्फ जम्मा रु ५२ लाख बजेट व्यवस्था गरेको छु ।

आर्थिक विकास तर्फ

सहकारी तर्फ

७८. सहकारीहरुको लागत साझेदारीमा आधारित क्षमता विकास गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

७९. सहकारीहरुको प्रभावकारी अनुगमन गर्न कोपोमिस लगायतका नियमनका कार्यक्रमहरुलाई जोड दिएको छु ।

८०. नगरपालिकाको मात्र सहकारी तर्फ रु ५ लाख विनियोजन गरेको छु ।



विष्णु बहादुर बिष्ट
नगर प्रमुख

सूचना सञ्चारतर्फ

८१. लोककल्याणकारी विज्ञापन तथा स्थानीय संचार माध्यमहरुको प्रवर्द्धन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

८२. नगरपालिकाका कामकारबाहीहरुलाई पारदर्शी बनाई जनताप्रति उत्तरदायी बनाउन सार्वजनिक सुनुवाई, सोसल मिडिया मार्फत नगरका गतिविधिहरुको जानकारी, प्रगति बुलेटिन प्रकाशन, समीक्षा कार्यक्रमलाई निरन्तरता दिन आवश्यक बजेटको व्यवस्था गरेको छु ।

८३. थाहा अभियानका प्रणेता स्व. रुपचन्द्र विष्टको बारेमा आधिकारिक जानकारी दिनको लागि उहाँको सम्मानमा जीवनीमा आधारित पुस्तक प्रकाशन तथा श्रव्यदृष्य सामग्री प्रसारणका लागि रु ५ लाख विनियोजन गरेको छु ।

पर्यटन क्षेत्रतर्फ

८४. फोटो प्रदर्शनी, कार्यशाला गोष्ठी आदि कार्यक्रम मार्फत जाऔ है थाहा अभियान सञ्चालन गर्न आवश्यक बजेट व्यवस्था गरेको छु ।

८५. नगरक्षेत्रमा प्रवेश गर्ने पर्यटकहरुलाई सूचना प्रदान गरी पर्यटकीय क्षेत्रहरुको जानकारी दिन सिमभञ्ज्याङ्ग तथा चित्लाङ्गमा पर्यटन सूचना केन्द्र स्थापना गर्न रु ७ लाख ५० हजार विनियोजन गरेको छु ।

८६. पर्यटकीय क्षेत्रको प्रचारप्रसार, पहिचान गर्न लोकेशन बोर्ड, सञ्चार माध्यम तथा सामाजिक सञ्जाल मार्फत् जानकारी दिने, भ्लग प्रतिष्पर्धा, पदमार्ग पहिचान लगायतका कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

८७. गोरखनाथ पाथिभरा पर्यटन प्रवर्द्धनका लागि रु. १० ला विनियोजन गरेको छु ।

८८. पर्यटन उद्यमीहरुलाई अतिथि सत्कार तालिम प्रदान गर्न तथा होटल अनलाइनमार्फत् आफ्नो व्यवसायको जानकारी दिनको लागि तालिमको व्यवस्था गरेको छु ।

८९. पर्यटन क्षेत्रको प्रवर्द्धन तथा विकास गर्नका लागि रु. ३० लाख बजेट विनियोजन गरेको छु ।

प्रशासन तथा उद्योग व्यवसाय प्रवर्द्धनतर्फ

९०. कर्मचारीहरुको क्षमता विकास गर्नका लागि रु. ५ लाख विनियोजन गरेको छु ।

९१. बजार अनुगमन, प्रशासनिक अनुगमनमार्फत् सुशासन कायम गर्न एवम् घुम्ती शिविरमार्फत् उद्योग व्यवसायको प्रवर्द्धन गर्न रु. ९ लाख विनियोजन गरेको छु ।

९२. नगरपालिकाबाट प्रदान गरिने सेवाहरुलाई छिटो, छरितो र सहज बनाउन सबै वडाहरुमा डिजिटाइजेनका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।



थाहा नगरपालिका नगर कार्यपालिकाको कार्यालय चित्लाङ चौर, मकवानपुर बागमती प्रदेश, नेपाल २०७३

विष्णु बहादुर बिष्ट
नगर प्रमुख

९३. प्रशासन तथा उद्योग व्यवसाय क्षेत्रमा रु. २१ लाख बजेट विनियोजन गरेको छु ।

**रोजगार प्रवर्द्धन तथा लघुउद्यम क्षेत्रतर्फ**

९४. वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरुको जीवनस्तर सुधार गर्नका लागि साझेदारीमा आधारित रु. १५ लाख विनियोजन गरेको छु ।

९५. कार्यस्थलमा आधारित सीप क्षमता विकास तालिम र जीवन उपयोगी सीप तालिमका लागि रु. ९ लाख विनियोजन गरेको छु ।

९६. श्रमको सम्मान तथा राष्ट्रको अभियानसम्बन्धी क्रियाकलाप सञ्चालन गर्नका लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

९७. सीप विकास मार्फत् नयाँ लघुउद्यमी सिर्जना गर्न रु. ८ लाख ६० हजार विनियोजन गरेको छु ।

९८. सूचीकृत बेरोजगारहरुलाई १०० दिनको न्यूनतम रोजगारी सिर्जनाका लागि रु. ४८ लाख ७४ हजार विनियोजन गरेको छु ।

९९. रोजगार प्रवर्द्धन तथा लघुउद्यम क्षेत्रतर्फ जम्मा रु. १ करोड २२ लाख ३२ हजार विनियोजन गरेको छु ।

**न्यायतर्फ**

१००. मेलमिलापकर्ताहरुको क्षमता विकास तथा आधारभूत तालिमको लागि रु. ७ लाख विनियोजन गरेको छु ।

१०१. मेलमिलापकर्ताहरुलाई अवलोकन भ्रमण तथा कानूनी शिक्षा प्रदान गर्न रु. ८ लाख विनियोजन गरेको छु ।

१०२. न्याय क्षेत्रका लागि रु. २० लाख विनियोजन गरेको छु ।

**वातावरण संरक्षण तथा विपद व्यवस्थापन**

१०३. फोहरमैला व्यवस्थापका लागि साना पूर्वाधार निर्माण तथा मर्मत गर्न रु. ६ लाख विनियोजन गरेको छु ।

१०४. सेग्रिगेसन हाउस सञ्चालन तथा अनुदानका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

१०५. फोहोर व्यवस्थापन केन्द्रका लागि चाहिने जग्गा छनोटका लागि सम्भाव्यता अध्ययन गर्न रु. ५ लाख विनियोजन गरेको छु ।

१०६. सहकार्यमा आधारित वातावरण संरक्षणसम्बन्धी कार्यका लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

१०७. सेग्रिगेसन हाउसमा नवीन प्रविधि जडान गर्न रु. १५ लाख विनियांजन गरेको छु ।

१०८. वातावरणीय सचेतनासम्बन्धी कार्यक्रम गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।



विष्णु बहादुर विष्ट
नगर प्रमुख

१०९. वातावरण संरक्षण तथा विपद व्यवस्थापन क्षेत्रमा कूल रु. ४३ लाख ५० हजार विनियोजन गरेको छु।

पूर्वाधार विकासतर्फ

११०. चालू आर्थिक वर्षमा सम्पन्न भएका तथा निर्माणाधीन आयोजनाको भुक्तानी दिन बाँकी दायित्व करिब रू. ४ करोड ५० लाख रहने अनुमान गरिएको छ।

१११. दामन पिङडांडा भट्टीडांडा तसर सडक थाहा ५(नगरपालिकाको अंश समेत) को लागि रु २ करोड विनियोजन गरेको छु।

११२. फेदीगाउँ त्रिवेणी खोला River Training work (बस्ती बचाऊ) थाहा-२ (नगरपालिकाको अंश समेत) को लागि रु. ३ करोड वजेट व्यवस्था गरेको छु।

११३. त्यसैगरी नारायणहिटी कुस्लेचौर जाने बाटो (नगरपालिकाको अंश समेत) को लागि रु. ३ करोड बजेट विनियोजन गरेको छु।

११४. नगरपालिकामा उत्पादित आलु फलफूल लगायतका कृषि उपजहरुको भण्डारण गरी उच्च मूल्य प्रास गर्न प्रदेशको साझेदारीमा यसै वर्ष निर्माण सम्पन्न हुने गरी रु ६ करोड विनियोजन गरेको छु ।

११५. साझेदारीमा (Matching Fund) आधारित आयोजना कार्यान्वयनको लागि रु. १ करोड विनियोजन गरेको छु।

११६. विपद व्यवस्थापन कोषको लागि रु. ५० लाख विनियोजन गरेको छु।

११७. त्यसैगरी खानेपानी वोर्ड व्यवस्थापनको लागि रु. ५० लाख विनियोजन गरेको छु।

११८. प्रत्येक वडाको लागि चालु तथा पूँजीगत खर्च गर्नेगरी रु ७५ लाखका दरले विनियोजन गरेको छु।

११९. नगर तथा वडाबाट सञ्चालन हुने आयोजनाहरू अनुसूची १ मा उल्लेख गरेको छु।

१२०. **नगपालिकाको आन्तरिक आय वृद्धि गर्न देहाय बमोजिमको राजस्व नीति अवलम्बन गरिनेछ।**

- राजस्वका नयाँ क्षेत्रहरूको पहिचान गर्दै राजस्वको क्षेत्र विस्तार गरी राजस्व सङ्कलनमा वृद्धि गरिनेछ।
- गैरसरकारी संस्था, संस्थागत विद्यालयहरूको नवीकरण शुल्क लिइनेछ।
- विद्यामान करका दरहरूमा पुनरावलोकन गरिनेछ।
- कर शिक्षा र कर शिविर सञ्चालन मार्फत कर सहभागिता बढाइनेछ।
- कर प्रशासनलाई सूचना प्रविधिमैत्री बनाइनेछ।
- कर चुहावट नियन्त्रणको लागि एक सशक्त अनुगमन तथा मूल्याङ्कन संयन्त्र निर्माण गरी परिचालन गरिनेछ।



इन्द्रसरोवर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, कैलाश, मकवानपुर बागमती प्रदेश, नेपाल २०७३

विष्णु बहादुर बिष्ट
नगर प्रमुख

१२१. उल्लिखित खर्च संङ्घीय र प्रदेश सरकारबाट प्राप्त वित्तीय हस्तान्तरणबाट प्राप्त अनुदान, राजस्व बाँडफाँड, आन्तरिक श्रोत तर्फको राजस्व, नगद मौज्दात र मालपोतबाट प्राप्त राजस्वको स्रोतबाट पूर्ति गरिने व्यवस्था मिलाएको छु।

१२२. अन्तमा, यस बजेट निर्माण प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहयोग गर्नुहुने नगरप्रमुखज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, वडा अध्यक्षज्यूहरू, वडा सदस्यज्यूहरू, शाखा/महाशाखा प्रमुखज्यू लगायत सम्पूर्ण कर्मचारीहरू, विषय विज्ञहरू, विभिन्न संघ/संस्थाका प्रतिनिधिहरू, पत्रकार मित्रहरू लगायत सम्पूर्ण महानुभावहरूमा हार्दिक धन्यवाद व्यक्त गर्दछु।

मिति २०८१/०३/०७

भरत गोपाली
नगर उप-प्रमुख

विष्णु बहादुर बिष्ट
नगर प्रमुख